# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १४४ | काठमाडौं | सोमबार, २९ भदौ २०८३ | Prabhab National Daily | Monday, 14 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


# कांग्रेसले अब देउवालाई नेतृत्व दिनमात्र बाँकी !

- विशेष महाधिवेशन बाहिस्कार गरेकामध्ये १९ जनालाई गगनले गत वैशाख २८ गते केन्द्रीय सदस्यमा मनोनीत गरेका थिए
- देउवा समूहका १११ जनालाई पनि अब केन्द्रीय समितिमा समायोजन गर्न गगन तयार
- देउवा समूहका नेताहरु भने १४औं महाधिवेशनबाट सभापति बनेका शेरबहादुर देउवालाई 'ग्रेसफूल एक्जिट' दिन उनकै नेतृत्वमा १५औं महाविधेशन हुनुपर्ने अडानमा
- देउवा समूहको यो अडानले विशेष महाधिवेशन 'कोल्याप्स' हुने डर गगन समूहमा देखिएको छ





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संस्थापनइतरलाई पेलेरै जाने नीति लिएका सभापति गगन थापा महाधिवेशन नजिकिएसँगै लचक बनेका छन् । यसअघि विशेष महाधिवेशन बहिष्कार गरेका नेताहरूलाई केन्द्रीय समितिमा ल्याउन अनिच्छुक सभापति थापाले आइतबार केन्द्रीय समितिमा ल्याउने निर्णय गरेका हुन् ।

१४औं महाधिवेशनबाट कांग्रेसमा १७० भन्दा बढीको केन्द्रीय कार्यसमिति बनेको थियो । गत पुसमा थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा भृकुटीमण्डपमा भएको विशेष महाधिवेशन पूर्वसभापति देउवापक्षले बहिष्कार गरेको थियो । बहिष्कार गरेकामध्ये १९ जनालाई गगनले गत वैशाख २८ गते केन्द्रीय सदस्यमा मनोनीत गरेका थिए ।

पार्टी एकीकरणको विभिन्न प्रयासपछि इतर पक्षले १११ जनालाई पनि केन्द्रीय समितिमा अटाउनुपर्ने माग गरेको थियो । यही मागलाई आइतबारको बैठकले सम्बोधन गरेको कांग्रेस प्रवक्ता देवराज चालिसले बताए । '१४औं महाधिवेशनमा निर्वाचित हुनुभएका विशेष महाधिवेशन हुनुपूर्व पार्टीका तत्कालीन केन्द्रीय कार्यसमितिका समितिका साथीहरूलाई केन्द्रीय कार्यसमितिको सदस्यको हैसियतमा सहभागितका विधानबमोजिम आवश्यक प्रबन्ध गरिने निर्णय गरेको छ,' बैठकपछि प्रवक्ता देवराज चालिसेले भने ।

कार्यसम्पादन समितिको यो निर्णयले पार्टीभित्र देखिएको आन्तरिक विवाद समाधान गरी एकताबद्ध रूपमा महाधिवेशन अघि बढाउने प्रयासस्वरूप आएको बुझिएको छ । यसअघि गगनले आफ्नो निर्देशन नमान्ने वडा सभापतिदेखि जिल्ला सभापतिसम्मलाई कारबाहीसमेत गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

## महाधिवेशन उद्घाटन खुल्लामञ्चमा

महाधिवेशनका लागि राष्ट्रिय सभागृह बुक गरेको नेपाली कांग्रेसले उद्घाटनसत्र भने खुल्लामञ्चमा गर्ने भएको छ । 'असोज १६ गते १ बजे खुल्ला मञ्चमा उदघाटनसत्र प्रारम्भ हुने छ । पार्टीको सांगठनिक र राजनीतिक जीवनमा महाधिवेशन प्रक्रियामात्र नभएर महाउत्सव पनि हो,' कांग्रेसको निर्णयमा भनिएको छ ।

कांग्रेसले भदौ २४ गते गर्ने भनिएको वडा महाधिवेशन असोज ३ र ४ गते गर्न लागेको छ । यो अधिवेशनमा उत्साहजनकरूपमा सहभागी हुन बैठकले आग्रह गरको छ ।

यसैगरी बाढीप्रभावित तीन जिल्ला रसुवा, नुवाकोट र धादिङको अधिवेशनसम्बन्धी समस्या समाधान गर्न ती जिल्लाका सभापति तथा पदाधिकारी, केन्द्रीय निर्वाचन समिति र पार्टी नेतृत्व बसेर छलफल गरी निकास निकाल्ने निर्णय गरिएको छ ।

# सत्ताभित्रै खरो विपक्षी स्वर



■ **जेबी योञ्जन**

**काठमाडौं–** संसद्मा विपक्षी दलको मुख्य काम सरकारलाई प्रश्न गर्नु हो । सदनप्रति जवाफदेही बनाउनु हो । सरकारका निर्णयमाथि खबरदारी गर्नु हो । गल्ती औंल्याउनु हो । जनताका समस्या सदनमा उठाउनु हो ।

तर, अहिले प्रतिनिधिसभामा केही दृश्य फरक पनि देखिएको छ । सरकारको नेतृत्व गर्ने दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कै सांसदहरू कतिपय मुद्दामा विपक्षीभन्दा कडा भएर प्रस्तुत हुन थालेका छन् ।

कतिपय अवस्थामा त विपक्षी दलले उठाउनेभन्दा चर्को भाषामा सरकारको कार्यशैलीमाथि प्रहार गरिरहेका छन् । रास्वपाका महामन्त्रीसमेत रहेका सांसद विपिन आचार्य यसको एक उदाहरण हुन् । आचार्यले हालै संसद्को शून्य समयलाई औपचारिकता नबनाउन सरकारलाई चेतावनीकै शैलीमा प्रश्न गरेका छन् ।

'जनताका पीडा, सांसदका प्रश्न र देशका मुद्दाहरू जति बोले पनि शून्यमा बिलाएर जाने हो भने यसको नाम शून्य समय होइन, ब्ल्याक होल समय राखौं,' उनको भनाइ थियो ।

यो अभिव्यक्ति विपक्षी सांसदको भए सामान्य राजनीतिक आलोचना मानिन्थ्यो । तर, आचार्य त्यही दलका महामन्त्री हुन्, जुन दलको नेतृत्वमा सरकार छ । त्यसैले उनको प्रश्न सरकारको विपक्षमामात्र होइन, सत्तारुढभित्रबाट आएको खबरदारी हो ।

रास्वपाभित्र सरकारलाई सबैभन्दा कडा प्रश्न गर्ने सांसदमा डा. अमरेशकुमार सिंह पनि छन् । उनले प्रधानमन्त्री वालेन्द्र शाह र उनको सचिवालयको कार्यशैलीमाथि प्रश्न उठाउँदै सरकार 'हुकुमी शासन'तर्फ जान खोजेको आरोप लगाए । 'प्रधानमन्त्रीको शासन व्यवस्था सल्लाहकार व्यवस्थामा परिवर्तन भएको छ । यो संविधानको कुन दफामा छ, मैले बुझ्न सकेको छैन । देशको केन्द्र सिंहदरबार होइन, ज्वागल बनेको छ,' उनले शुक्रबार संसद् बैठकमै भने ।

सरकारका निर्णय प्रक्रिया पारदर्शी नभएको र शक्ति केन्द्रहरू सिंहदरबारबाहिर सर्दै गएको उनको आरोप छ । राज्यका निकायलाई राजनीतिक दबाबमा सञ्चालन गर्न खोजिएको भन्दै उनले नियुक्तिको प्रक्रियामाथि पनि प्रश्न उठाएका छन् । सिंहको यो आक्रोश विपक्षी दलका सांसदको भन्दा कम छैन । बरु कतिपय अवस्थामा अझै कडा सुनिन्छ ।

रास्वपाकी सचेतक क्रान्तिशिखा धितालको शैली पनि त्यस्तै छ । उनी सरकारका काममाथि प्रश्न उठाउँदा पार्टीको पद र सत्ता समीकरणभन्दा माथि जनताको मुद्दालाई राख्ने प्रयास गरिरहेकी देखिन्छिन् । नेपालमा दैनिक औसत २० जनाले आत्महत्या गर्ने तथ्यांक उल्लेख गर्दै उनले सरकारको मानसिक स्वास्थ्य नीतिमाथि प्रश्न गरिन् । 'हाम्रा प्रयासहरू हटलाइन नम्बर सार्वजनिक गर्नेमामात्र सीमित भए । परामर्श दिने विज्ञहरूको मापदण्ड खै ?,' उनले सरकारलाई प्रश्न गरिन् ।

रसुवाको भोटेकोशी बाढीपछि 'होल्डिङ सेन्टर'मा रहेका महिला तथा बालबालिकाको सुरक्षाको विषयमा पनि धितालले सरकारलाई छाडिनन् । 'उद्धारको नाममा हामीले कतै थप असुरक्षा त सिर्जना गरिरहेका छैनौं ?,' उनको प्रश्न थियो ।

जेन-जी आन्दोलनको मर्म र सहिदहरूको सम्मानका विषयमा त उनको प्रश्न अझ राजनीतिक बन्यो । 'सडकमा उत्रिएर प्रेस स्वतन्त्रता र सत्ताको विनम्रताको कुरा गर्नेहरू नै आज किन प्रश्न गर्नेलाई चेतावनी दिइरहेका छन् ?,' उनले भनिन् ।

गृहमन्त्री सुधन गुरुङलक्षित गरेर पनि उनले प्रश्न गरिन् । 'सुध्रिनु अरुलेमात्रै पर्ने, हामीलेचाहिँ सुध्रिनु नपर्ने ? यही दिन देख्नलाई थियो महान सहिदहरूको बलिदान ?,' गृहमन्त्रीलक्षित उनको अभिव्यक्ति थियो । सत्तारुढ दलकै सचेतकबाट आएको यो प्रश्न विपक्षीको नाराभन्दा कम कडा छैन ।



जनताका पीडा, सांसदका प्रश्न र देशका मुद्दाहरु जति बोले पनि शून्यमा बिलाएर जाने हो भने यसको नाम शून्य समय होइन, 'ब्ल्याक होल' समय राखौं ।

■ **विपिन आचार्य**
महामन्त्री, रास्वपा



प्रधानमन्त्रीको शासन व्यवस्था सल्लाहकार व्यवस्थामा परिवर्तन भएको छ । यो संविधानको कुन दफामा छ, मैले बुझ्न सकेको छैन । देशको केन्द्र सिंहदरबार होइन, ज्वागल बनेको छ ।

■ **डा. अमरेशकुमार सिंह**
सांसद, रास्वपा



सुध्रिनु अरूलेमात्रै पर्ने, हामीलेचाहिँ सुध्रिनु नपर्ने ? यही दिन देख्नलाई थियो महान सहिदहरूको बलिदान ?

■ **क्रान्तिशिखा धिताल**
सचेतक, रास्वपा

अर्का सांसद गणेश कार्की पनि सरकारको शैलीमाथि प्रश्न उठाउँदै आएका छन् । सुकुमबासी बस्ती हटाउने क्रममा अपनाइएको बल प्रयोग, सडक व्यापारी तथा साना व्यवसायीमाथिको व्यवहार र भौतिक संरचना हटाउँदा अपनाइएको प्रक्रियामाथि उनले असन्तुष्टि जनाएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# युएईमा भिजिट भिसा र व्यक्तिगत भिसाका नाममा श्रमिक ठगिने क्रम बढ्दै

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** भिजिट भिसा र व्यक्तिगत भिसामा संयुक्त अरब इमिरेट्स (युएई)मा पुगेर अलपत्र पर्नेहरूको संख्या बढेको पाइएको छ । सुरक्षित माध्यमबाट युएई जाने विकल्प हुँदाहुँदै असुरक्षितरूपमा गएर ठगीमा पर्नेहरूको संख्या बढिरहेको दूबईस्थित नेपाली महावाणिज्यदूतावासले जनाएको छ ।

नेपाली श्रमिकहरू ठगीको उद्देश्यले निकालिएका व्यक्तिगत र भिजिट भिसाको प्रयोग गर्दै दलाललाई लाखौं रूपैयाँ बुझाएर उक्त मुलुक जाने गरेको र कम्पनीमा सम्पर्क हुन नसक्दा वा कम्पनीले बेवास्ता गर्दा अलपत्र

⏭ क्रमशः पृष्ठ २ मा

# उकालो लाग्दै ठगीको ग्राफ

**काठमाडौं (प्रस)–** पछिल्लो दुई वर्षयता वैदेशिक रोजगारीको नाममा व्यक्तिगत ठगीका घटना निरन्तर बढिरहेको तथ्यांकले देखाउँछ ।

गत आर्थिक वर्ष २०८२/८३ मा पाँच हजार ६२४ वटा व्यक्तिगत ठगीका उजुरी वैदेशिक रोजगार विभागमा दर्ता भएका छन् । जुन आव २०८१/८२ को भन्दा बढी हो । आव ०८१/८२ मा विभागमा संस्थागत र व्यक्तिगत गरी चार हजार ९०० भन्दा बढी उजुरी दर्ता भएका थिए । जसमध्ये ९० प्रतिशत व्यक्तिगत ठगीका उजुरी रहेका विभागले जनाएको थियो ।

आव ०८१/८२ बाट व्यक्तिगत श्रम स्वीकृति लिएर रोजगारीमा जानेहरूको संख्यामा उल्लेख्य वृद्धि भएसँगै ठगीमा पर्ने क्रम पनि बढेको विभागले बताउँदै आएको छ । आव २०८०/८१ मा ९५ हजार ३८ जना व्यक्तिगत श्रम स्वीकृतिमा विदेसिएका थिए । त्यसभन्दा अघि व्यक्तिगतरूपमा रोजगारीमा जानेहरूको संख्या न्यून थियो । विशेषगरी कोरोना महामारीपछि यसरी जानेहरूको संख्या क्रमिकरूपमा बढेको देखिन्छ । गत आव २०८२/८३ मा एक लाख २८ हजार ५२० जना व्यक्तिगत रूपमा गएका थिए ।

व्यक्तिगत श्रम स्वीकृतिमा खाडीको संयुक्त अरब इमिरेट्स (युएई) देखि जापान, रोमानिया, पोर्चुगल, सर्बिया, टर्की, मरिसस, पोल्याण्डलगायतमा मुलुकमा बढी युवाहरू जाँदै आएका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा



**'बालेन सरकार सिण्डिकेटधारीको प्रभावमा पर्छ भन्ने लाग्दैन"**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष **डिकबहादुर खत्री**को अन्तर्वार्ता

⏭ पृष्ठ ४ मा


## विज्ञप्ति

नेपालको वैदेशिक रोजगार क्षेत्रलाई सीमित व्यक्ति तथा समूहको स्वार्थमा कब्जा गरी सिन्डिकेट गर्ने तथा एकाधिकार कायम गर्ने गम्भीर प्रयास भइरहेको तथा त्यसको विरोधमा उभिएको संघको वर्तमान कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई विभिन्न माध्यमबाट धाकधम्की दिने, गालीबेइज्जती गर्ने, चरित्रहत्या गर्ने, मानसिक दबाब सिर्जना गर्ने तथा राज्यका निकाय र संघका पदाधिकारीविरूद्ध विभिन्न निकायहरूमा उल्टै झुटा मुद्दा हाल्ने तथा गलत सूचना पठाउने आपराधिक मानसिकताप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

मलेसियाको FWCMS को Agent बन्ने नाममा ठुलो रकम गैरकानुनी तवरले विदेश पठाइएको आसंका, Sub-Agent बनाइदिने नाममा समेत रकम उठाइरहेको तथा मलेसियाको मात्र नभई मध्यपूर्वका अन्य गन्तव्य मुलुकहरूमा समेत विभिन्न संरचना र नाममा सिन्डिकेट विस्तार गर्ने प्रयास भइरहेको भन्ने सूचनाहरु प्राप्त भएका छन् । यी विषयहरु व्यावसायिक हित, प्रतिस्पर्धा र सुधारका विषय नभएर यो क्षेत्रमा विकृति बढाउने, श्रमिकलाई आर्थिक शोषण हुने र समाजमा अपराध बढ्ने भएकाले प्रचलित कानुन, राज्यको नियमन प्रणाली र हजारौं व्यवसायी तथा लाखौं श्रमिकको हितमाथिको गम्भीर अपराध हुनसक्ने वा बढन सक्ने संवेदनशील विषय देखिएको छ । अतः संघ सम्बन्धित निकायहरूलाई तत्काल अनुसन्धान प्रारम्भ गर्न जोडदार माग गर्दछ ।

संघ स्पष्ट चेतावनी दिन चाहन्छ कि- धम्की, दबाब, गालीबेइज्जती, आर्थिक शक्ति, राजनीतिक पहुँच वा कुनै पनि प्रकारको प्रभाव प्रयोग गरेर संघको आवाज दबाउने र सिन्डिकेट जोगाउने प्रयास अब सफल हुने छैन । संघका पदाधिकारी तथा सदस्यलाई लक्षित गरी गरिने प्रत्येक धम्की, अपमान, दबाब वा बद्नाम गर्ने गतिविधिको प्रमाण सुरक्षित राखी आवश्यक कानुनी प्रक्रियामा लगिनेछ । गलत कामको संरक्षणका लागि जति नै ठुलो समूह परिचालन गरिए पनि कानुनभन्दा माथि कोही हुन सक्दैन । सिन्डिकेट लगाउने, व्यवसायीलाई अधीनस्थ बनाउने, अनधिकृत रकम संकलन गर्ने, झुटा वा भ्रामक विवरणका आधारमा राज्यको नियमनलाई प्रभावित गर्ने कार्यमा जोसुकै संलग्न भए पनि संघले प्रमाणसहित सम्बन्धित निकायसमक्ष पुर्‍याउनेछ । संघ वैदेशिक रोजगार विभाग, युवा, श्रम तथा रोजगार मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरीका सम्बन्धित अनुसन्धान निकायलगायत सक्षम सरकारी निकायलाई तत्काल छानबिन गरी दोषी देखिएमा कडा कानुनी कारबाही गर्न आग्रहसमेत गर्दछ।

यसै सन्दर्भमा मिति २०८३/०५/२६ गते युवा, श्रम तथा रोजगार मन्त्रालयमा माननीय मन्त्री श्री रामजी यादवज्यूबाट भएको मन्त्रीस्तरीय निर्णयलाई संघको तर्फबाट स्वागत गर्दै धन्यवाद व्यक्त गर्दछ । उक्त निर्णयलाई कुनै दबाब, प्रभाव वा स्वार्थबाट प्रभावित नभई तत्काल र कठोरतापूर्वक कार्यान्वयन गर्न सम्बन्धित सबै निकायसमक्ष संघ जोडदार माग गर्दछ । वैदेशिक रोजगार क्षेत्रलाई बिचौलिया, सिन्डिकेट, एकाधिकार, अनधिकृत आर्थिक चलखेल र सीमित समूहको नियन्त्रणबाट मुक्त गरी समान अधिकार, समान अवसर र खुला तथा स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण गर्नु राज्यको दायित्व पनि हो । संघ सम्पूर्ण व्यवसायीहरूलाई स्पष्ट रूपमा आश्वस्त पार्न चाहन्छ- कसैले धम्क्याएको भरमा कुनै व्यवसायी डराउनुपर्ने छैन । तपाईंको व्यावसायिक अधिकारमाथि प्रहार हुँदा संघ तपाईंको साथमा उभिनेछ । तर संघसँगै व्यवसायीहरूले पनि गलत संरचना, प्रलोभन र दबाबविरूद्ध प्रमाणसहित संस्थागत रूपमा आवाज उठाउनुपर्छ । सिन्डिकेट बनाउनेहरूलाई संघ एउटा कुरा स्पष्ट पार्न चाहन्छ- यो क्षेत्र अब कसैको निजी साम्राज्य बन्ने छैन । संघ पछि हट्ने छैन, झुक्ने छैन र व्यवसायीको समान अधिकार स्थापित नभएसम्म संघर्ष रोक्ने छैन ।

**हिरा बहादुर डाँगी (हरि)**
महासचिव

**डिक बहादुर खत्री (कुमार)**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८

## पृष्ठ १ बाट क्रमशः

## सत्ताभित्रै खरो...

समस्या समाधान आवश्यक भए पनि त्यसका लागि मानवीय दृष्टिकोण आवश्यक रहेको उनको तर्क छ । सरकारको चुनावी नारामाथि प्रश्न गर्ने काम रास्वपाकै सांसद रमेश प्रसाईंले गरेका थिए । 'हामीले निर्वाचनमा 'नो लाइन, केवल अनलाइन' भन्ने नारा दिएर मत मागेका थियौं तर अहिले अनलाइन होइन, बजारमा नागरिकको लामो लाइनमात्र देखिन्छ,' उनले संसद् बैठकमा यही भदौको पहिलो साता यो सवाल उठाएका थिए ।

ग्यास लिन नागरिक लाइनमा बस्नुपर्ने अवस्था र अनलाइन सेवामा देखिएको समस्यालाई उनले सरकारको प्रतिबद्धतासँग जोडेर प्रश्न गरेका छन् ।

रास्वपाकै सांसद मनिष झाले पनि सरकारको काम गर्ने शैलीमा कमजोरी रहेको बताएका छन् । टीका (ज्वाला) संग्रौलाले सरकारलाई भाषणभन्दा परिणाममा ध्यान दिन आग्रह गर्दै आएकी छन् ।

यसरी हेर्दा रास्वपाका यी सांसद विपक्षी दलका सांसदसँग प्रतिस्पर्धा गर्दै सरकारको आलोचना गरिरहेका होइनन् । उनीहरूले आफूलाई सत्ताभित्रको खबरदारी गर्ने भूमिकामा उभ्याएका छन् ।

तर, उनीहरूको प्रश्नको राजनीतिक वजन फरक छ । विपक्षीले सरकारलाई प्रश्न गर्दा त्यसलाई राजनीतिक विरोध भनेर बुझ्न सकिन्छ । सत्तारुढ सांसदले त्यही प्रश्न उठाउँदा भने त्यसलाई सरकारको कामकारबाहीभित्रकै कमजोरीको संकेतका रूपमा बुझिन्छ । यही कारण अहिले रास्वपाभित्रका यी सांसदलाई 'सत्ताभित्रका विपक्षी' भन्न थालिएको छ । उनीहरू कहिले विपक्षी दलभन्दा पनि कडा सुनिन्छन् । कहिले आफ्नै सरकारलाई विपक्षी बेञ्चबाट आएको जस्तो प्रश्न गर्छन् । कहिले सरकारलाई जनताको पक्षमा फर्किन दबाब दिन्छन् ।

■■■

## कांग्रेसले अब...

यसको पहिलो सिकार कांग्रेस रामेछापका जिल्ला सभापति पूर्णबहादुर तामाङ (कान्छाराम) बने । कान्छारामलाई वैशाख १६ गते कांग्रेसले जिल्ला सभापतिबाट निलम्बित गरेको थियो ।

माघ १ गते सभापति बनेका थापाको पक्षमा निर्वाचन आयोगले फागुन २१ को निर्वाचनअघि नै आधिकारिकता दिएको थियो । सर्वोच्च अदालतले आधिकारिकतासम्बन्धी विवादमा निर्वाचन आयोगकै निर्णयलाई सदर गरेपछि सभापति थापाले क्रियाशील सदस्यता कार्डमा आफ्नो हस्ताक्षर चलाउन अद्यावधिक अभियान चलाएका थिए । मंसिरमामात्र नवीकरण गरेकोले अधिकांश नेता कार्यकर्ताले अद्यावधिकमा रुचि नदेखाएपछि गगन यो निर्णयबाट पछि हटेका थिए ।

यसबारे आइतबारको कार्यसम्पादन समितिको बैठकले अद्यावधिकमा छुटेकालाई पनि सहभागी गराउने निर्णय गरेको छ । 'अद्यावधिक प्रक्रियामा सक्रिय रहेका साथीहरूको असन्तुष्टि रहँदारहँदै पनि पार्टी महाधिवेशनमा सबैको उत्साहजनक सहभागिता हुनुपर्छ, कोही पनि छुट्नु हुँदैन भन्ने मान्यताका साथ 'पार्टीले १५औं महाधिवेशनका लागि तहगत नवीकरणको सिफारिस भई २०८२ पुस २१ गतेसम्म नेपाली कांग्रेसको सदस्यता व्यवस्थापन प्रणालीमा प्रविष्ट भएका सदस्यहरूमध्ये विविध कारणले अद्यावधिक गर्न छुट भएका क्रियाशील सदस्यहरूको हकमा पार्टी परित्याग गरेका, अनुशासनको कारबाहीमा परी सदस्यता गुमाएका र प्रचलित कानुनबमोजिम पार्टी सदस्यता लिन नमिलेका सदस्यबाहेक अन्य क्रियाशील सदस्यहरूलाई पार्टीको १५औं महाधिवेशन प्रक्रियामा सहभागी हुन वञ्चित नगरिने' निर्णय गरेको थियो । त्यसपश्चात् सबै तहमा अद्यावधिक प्रक्रियामा छुटेका सदस्य साथीहरू अधिवेशनको प्रक्रियामा जोडिइरहनुभएको छ, जो सकारात्मक छ,' निर्णयमा भनिएको छ ।

क्रियाशील सदस्यता अद्यावधिकमामात्र हैन, वडाअधिवेशनका लागि पनि स्थानीय कार्याकर्ता तयार नदेखिएपछि भदौ २४ गते गर्ने भनिएको वडा महाधिवेशन असोज ३ र ४ गते गर्ने भएको छ ।

कांग्रेस संस्थापनको यो निर्णय आफूहरूलाई मान्य नहुने देउवापक्षका नेताहरू बताउँछन् । देउवालाई 'ग्रेसफूल एक्जिट'को माग अघि सार्दै आएका इतर पक्षका एक नेता एनपी साउदले भने, 'उहाँहरूले त्यो निर्णय राजनीतिक रूपमा पनि स्वीकार्ने कुरा होइन । यो नैतिकतासँग पनि जोडिएको विषय भएकाले स्वीकार्ने कुरा होइन ।' देउवा समूहको यो निर्णयले विशेष महाधिवेशन 'कोल्याप्स' हुने डर गगन समूहमा देखिएको छ ।

### देउवा समूहका तीन नेता जिल्ला नजाने

देउवा समूहले भने मंसिर २१ गतेबाट महाधिवेशन गर्ने कार्यतालिका ल्याएको छ । यसका लागि देउवा समूहले ७७ वटै जिल्लामा केन्द्रीय प्रतिनिधि शनिबार खटाएको थियो ।

तर तीन नेताले भने समानान्तर गतिविधिमा नलाग्ने भन्दै जिल्ला नजाने घोषणा गरेका छन् । तेह्रथुमका लागि प्रतिनिधि खटाएकी सीता गुरुङले आफूलाई नसोधि आएको निर्णय भन्दै जिल्ला नजाने बताएकी छन् । यसैगरी पूर्वकेन्द्रीय सदस्य गोविन्द भट्टराई तथा पाल्पाका लागि केन्द्रीय प्रतिनिधि तोकिएका कृष्णप्रसाद बस्याललगायतले आफूहरू समानान्तर अधिवेशनमा नलाग्ने जनाएका छन् ।

■■■

## युएईमा भिजिट..

पर्नेसामाजिक सञ्जालमा आउने युरोपेली मुलुकका आकर्षक तलब सुविधा राखिएका विज्ञापनमा विश्वास गर्दा युवाहरू ठगीमा पर्ने गरेका छन् । युरोपको रोजगारी पाउने आशमा युवाहरू केही लाखदेखि दशौं लाखसम्म ठगीमा पर्ने गरेका छन् ।

मुलुकमा रोजगारी नपाउँदा बेरोजगार भएका, कम पढेलेलेकादेखि शिक्षित युवाहरू पनि ठगिने गरेका भेटिएको छ । पछिल्लो समय दर्ता भएका अधिकांश ठगीका घटना सामाजिक सञ्जालमार्फत भएको पाइएको विभागले बताउँदै आएको छ । यस्तो ठगीमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन पनि कठिन भएको बताइन्छ ।

आव २०८२/८३ मा दर्ता भएका पाँच हजार ६०० उजुरीमध्ये जम्मा एक हजार ६७६ वटामात्र फर्स्योट भएका छन् । व्यक्तिगत ठगीका घटनाका दोषीले विभिन्न सञ्जालमार्फत पैसा असुल्ने, धेरै जनाबाट मोटो रकम लिएपछि भारत, युएईलगायतका मुलुकमा लुकेर बस्नेजस्ता कारण यस्ता गिरोह समाउने संयन्त्र नभएको विभागले बताउँदै आएको छ । ठगीमा नपर्न व्यक्ति स्वयं सचेत हुनुको विकल्प नभएको विभागको भनाइ छ ।

■■■

## उकालो लाग्दै...

को महावाणिज्यदूतावासले शुक्रबार जारी गरेको सूचनामा भनिएको छ । यसरी गएका श्रमिकहरू उक्त मुलुकमा काम खोज्ने क्रममा पुनः दलालको फन्दामा परेर कानुनी झमेलामा परिरहेका गुनासाहरू उल्लेख्य मात्रामा आउन थालेका जनाइएको छ ।

यस्तो ठगीबाट बच्न श्रमिक स्वयं सचेत हुनुको विकल्प नरहेको महावाणिज्यदूतावासले जनाएको छ । रोजगारीका लागि युएई जान चाहनेहरूले भिजिट भिसाबाट नभई संस्थागत माध्यमबाट जानसमेत अनुरोध गरिएको छ । साथै, भरपर्दो कम्पनीमा आफ्नो योग्यता र अनुभव मिल्ने सीपयुक्त काम, आफूले यसभन्दा अघि काम गरिसकेको भरपर्दो कम्पनी र युएईमा रहेका आफ्नै परिवारका सदस्यले पहल गरेर खोजिदिएको कामबाहेक व्यक्तिगत भिसामा युएई नआउनसमेत अनुरोध गरिएको छ ।

# आज हरितालिका तीज मनाइँदै, पशुपतिनाथको दर्शन गर्न चारवटा मार्गको व्यवस्था

■ प्रभाव संवाददाता

**काठमाडौं–** आज हिन्दू नारीहरुको महान् चाड हरितालिका तीज । यस अवसरमा आज पशुपतिनाथको मन्दिर प्रवेश गर्ने भक्तजनका लागि चार वटा दर्शन मार्गको व्यवस्था गरिएको पशुपति क्षेत्र विकास कोषले जानकारी दिएको छ ।

आज बिहान ३:०० बजेदेखि नै पशुपतिनाथका चारैढोका खोलिने छ । दर्शनार्थीका लागि चन्दन वितरणको व्यवस्था सानो सदावर्त सत्तल, तिलगंगा, उमाकुण्ड, जयवागेश्वरी र गौशालामा व्यवस्था गरिने कोषले जनाएको छ ।

कोषले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा पहिलो लाम मित्रपार्क-उमाकुण्ड-दक्षिणामूर्ति-कैलाश बद्रीनर सिंहको भवन हुँदै वासुकीनाथको उत्तरतर्फको ढोकाबाट पशुपतिनाथ मन्दिरको उत्तरतर्फको ऱ्याम्पबाट आराध्यदेव भगवान्को दर्शन गराई पश्चिम ढोकाबाट बाहिर निस्कने प्रबन्ध मिलाइएको जानकारी दिइयो ।

दोस्रो लाम जयवागेश्वरीबाट देब्रेतर्फको मार्ग दथुटोल, पाचा गणेश, अन्नपूर्णभण्डार, महास्नानघरअघिको १ नं ढोकाअघि राखिएको आकासे पुलबाट भुवनेश्वरी, नासलचोक हुँदै शंकराचार्य मठअघिको आकासेपुल प्रहरी पहरा गणको सानो ढोकाबाट दुई लाइन पशुपतिको पश्चिमतर्फ रहेको काठको ऱ्याम्पबाट दर्शन गराई पश्चिम ढोकाबाट बाहिर निस्कने प्रबन्ध मिलाइएको कोषकी सञ्चालक परिषद् सदस्य एवं प्रचारप्रसार उपसमिति संयोजक संगीताकुमारी रामले जानकारी दिइन् ।

यसैगरी, तेस्रो लाम सिनामंगल, एयरपोर्टतर्फबाट आउने दर्शनार्थी भक्तजनका लागि तिलगंगा पर्यटन काउन्टरसँगै रहेको ढोका, राममन्दिर, बागमती किनारा हुँदै आर्यघाटको पुलबाट ब्रह्मनाल, पूर्वढोकामा राखिएको ऱ्याम्पबाट पूर्व मुहारको दर्शन गराई सोही ढोकाबाट फर्कने प्रबन्ध मिलाइएको उनले बताइन् ।

पिंगलास्थानतर्फबाट आउने दर्शनार्थी भक्तजनका लागि पिंगलास्थानमा रहेको ढोका हुँदै चार शिवालय-पञ्चदेवल वृद्धाश्रम दक्षिणतर्फको ठूला ढोका अघि अस्थायी आकासे पुल हुँदै सानो ढोकाबाट चौसट्ठी कोटीलिंगेश्वर हुँदै मन्दिरको दक्षिण मुहारको दर्शनपश्चात् उन्मत्त भैरव मन्दिरको पश्चिमतर्फबाट मूलभट्ट निवासअघिबाट फर्कने प्रबन्ध मिलाइएको छ । यसअनुसारको दर्शन व्यवस्था मिलाउँदा मन्दिर बाहिर पाँच वटा लाइन रहने छन् । मन्दिर परिसर प्रवेश गरिसकेपछि आठ वटा लाइनमा विभाजन हुने पनि कोषले जनाएको छ । एकपटकमा आठ जना भक्तजनले दर्शन गर्नसक्ने गरी मूल मन्दिर परिसरमा व्यवस्था मिलाइएको छ ।

आज भाद्र शुक्ल तृतीयाका दिन पशुपति मन्दिर प्रवेश गरी बढीमा दुई घण्टामा भक्तजनले दर्शन गरेर फर्कीसक्ने गरी लामको व्यवस्था गरिने बताइएको छ । सामान्यतया आधा घण्टामा भक्तजनले दर्शन गरिसक्नेगरी स्वयंसेवकलगायत सुरक्षाकर्मी र कर्मचारीलाई परिचालन गरिने जनाएको छ ।

नेपाल प्रहरीसँगको समन्वयमा पशुपति क्षेत्रमा तीज पर्वलाई ध्यान दिँदै शनिबारदेखि नै सादा पोसाकका प्रहरी खटाइसकिएको कोषले जानकारी दिएको छ । मेला अवधिभर चार हजार सुरक्षाकर्मी पशुपति क्षेत्रमा खटिने छन् । यसैगरी २४ वटा धार्मिक एवं सामाजिक संस्थाका ८५५ जना स्वयंसेवक खटाउन लागिएको कोष सञ्चालक परिषद् सदस्य एवं स्वयंसेवक उपसमिति संयोजक केदारमान भण्डारीले जानकारी दिए ।

शान्तिसुरक्षालाई ध्यानमा राखी मन्दिर आउँदा बहुमूल्य गरगहना नलगाई आउन कोषले भक्तजनमा आह्वान गरेको छ । पशुपति परिसरमा कम्तीमा पनि सात लाख दर्शनार्थी प्रवेश गर्ने प्रारम्भिक अनुमान गरिएको धेरै भक्तजनबीचमा विभिन्न उद्देश्यले आउने मानिससमेत हुने भएकाले बहुमूल्य सामग्री घरमै राखी दर्शनमा आउन अनुरोध गरिएको छ । साना बालबालिकालाई पनि मन्दिरमा नल्याउन पनि आह्वान गरिएको छ ।

पशुपतिमा दर्शन गर्न आउने भक्तजनको सवारी पार्किङका लागि गुह्येश्वरी पारि, सिफलचौर, तिलगंगाको खाली स्थान, कोषको कार्यालय परिसर र गौशालास्थित महानगरीय ट्राफिक प्रहरी प्रभागको कार्यालयमा व्यवस्था गरिएको छ ।


### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/२२ मा दर्ता भएको **प्रा.लि. नं. २००५६७** को **ब्रम्हदेव इन्टरप्राइजेज प्रा. लि.** को मिति २०८३/०५/२८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०३/०५ मा दर्ता भएको **प्रा.लि. नं. ३३५९१००/०८०/०८१** को **रिटर्नी इनर्जी प्रा. लि.** को मिति २०८३/०५/२८ गते सम्पन्न सञ्चालक समितिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

### खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०५/२९**

यस **श्री कार्तिक ठूलोचौर सामुदायिक बन उपभोक्ता समूह** रामप्रसादराई गाउँपालिका वडा नं.५ भोजपुरको वनबाट उत्पादन भई पिखुवाखोला घाटगद्दीमा विभिन्न लट बचाई राखिएको खयर जातको काठ १७९३ थान गोलियाको १८७७.६० क्यू फिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ एकाइस दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोरा सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कार्तिक ठूलोचौर समुदायिक वन उपभोक्ता समूह, रामप्रसादराई गाउँपालिका वडा नं.५, भोजपुर अध्यक्षः श्री निरकुमार राई (९८४२१५५३१८) कोषाध्यक्षः श्री दिपक चौहान (९८४२११५६१८)**

### आरोग्य सहयोगी हेल्थ केयर सेन्टर प्रा. लि (लिक्विडेसन) सम्बन्धमा हकदाबी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०७५/०३/१२ मा दर्ता भएको प्रा.लि नं. **१९२४५२/०७५/०७६** को **आरोग्य सहयोगी हेल्थ केयर सेन्टर प्रा. लि** लाई खारेजी -लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/२६ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी, लिक्विडेटर, दामासाही प्र.प.नं.-५४७**
**मोबाइल नं.९८४२६३८३६७**

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना !

**Akash International द्वारा बिक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।**

| सि. नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंबर | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Akash International | 600413549 | AwSM 10.0 | AWAI | Washing Machine | 10 Kg | 30,000/- | |

**AKASH INTERNATIONAL** | Kuleshwor, Kathmandu, Nepal, Ph : 01-4302480

### साउदीमा रोजगार

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO

पूर्व स्वीकृति मिति : २०८२/०९/03 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२८ | LT. No. 335224 | चलानी नं. ६०२४८९३६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintenance Workers | 13 | 0 | 1000 | ४०,७०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज ५ गते (21st Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

### कुवेतमा रोजगार

कम्पनी : HAIR BAR BEAUTY SALON & INSTITUTE COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२८ | LT. No. 322327 | चलानी नं. ६०२४६१५१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: KD | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 9 | 150 | ७४,२२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज ५ गते (21st Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.Lic. No 1726/081/082
**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

### मलेसियामा रोजगार

कम्पनी : SPX XPRESS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२८ | LT. No. 341046 | चलानी नं. ६०२५४४४७

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 1 | 0 | 1700 | ६३,३६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज ५ गते (21st Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १७३२/०८१/०८२
**Dream International H.R.**
Chakrapath-4, Kathmandu, Head office, Nepal
Phone : 01-4548444, 9801031980, 9851030654, 9851170270, E-mail : info@dreamintl.com.np

### मोटरसाइकल हराएको सूचना

मिति २०८३/०५/२० गते जिल्ला भक्तपुर म.ठि.न.पा.९ निकोशेरा स्थित घर अगाडी पार्किङ गरी राखिएको अवस्थामा Commando Sand रङ्को बुलेट ३५० सि.सि. मोटरसाइकल साँझको अन्दाजी ७:२५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : एम.ए.डल्लु हायर पर्चेज**
**ऋणीको नाम : राजेन्द्र खड्का**
**बाइक नं.: बा.प्र.-०२-०६० प ८३०८**
**च्यासिस नं.: ME3J3C5FGSN 001136**
**इन्जिन नं. : J3A5FGS 2063154**
**ठेगाना : सिन्धुपाल्चोक सुनकोसी गा.पा.३**
**सम्पर्क नं. ९८१८६८३८७३**

### मोटरसाइकल हराएको सूचना

मिति २०८३/०५/२८ गते का.म.न.पा वडा नं.२७ विर अस्पताल, स्थित पार्किङ गरी राखिएको अवस्थामा रातो, कालो रङ्को १५० सि.सि. मोटरसाइकल दिनको अन्दाजी १२:४५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : अमृत घले**
**बाइक नं.: बा.प्र.-०२-०६४ प १४७६**
**च्यासिस नं.: M2A11CXOSPH83666**
**इन्जिन नं. : DHXPSG50996**
**ठेगाना : वेनिघाट, रोराङ्ग-०४,धादिङ्ग**
**सम्पर्क नं. ९८०६८४९५७६**

### म्याग्दी हाइड्रोपावर लिमिटेड
### वार्षिक साधारण सभा सम्बन्धी सूचना !

*(दोस्रो पटक प्रकाशित मिति : २०८३/०५/२९ गते)*

**शेयरधनी महानुभावहरू,**
मिति २०८३/०५/२६ गते शुक्रबार बिहान ११:०० बजे बसेको सञ्चालक समितिको ७३औं बैठकको निर्णय बमोजिम यस कम्पनीको आ.व.२०८२/०८३ को **१९औं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा उक्त सभामा प्रतिनिधित्व गर्न शेयरधनी स्वयम् उपस्थित हुन वा रितपूर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान**
**मिति** : २०८३/०६/१९ गते, सोमबार (अक्टोबर ५, २०२६) ।
**समय** : ११:०० बजे, बिहान ।
**स्थान** : महाराजा रिसोर्ट, बुटवल उप म.न.पा.११ कालिकानगर, रूपन्देही ।

**छलफलका विषयहरू**
**(क) सामान्य प्रस्ताव**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०८२/८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व.२०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन र वार्षिक वित्तीय विवरण (वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोको अनुसूची) पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति गर्न कम्पनी ऐन, २०६३ को दफा १६५ को (घ) बमोजिम लेखापरीक्षण समितिबाट प्राप्त सिफारिस बमोजिम सोही ऐनको दफा १११ बमोजिम नियुक्ति गरी निजको पारीश्रमिक तोक्ने सम्बन्धमा ।


**(ख) विशेष प्रस्ताव**
१. कम्पनीको अधिकृत र जारी पूँजी बृद्धि गर्ने र प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
२. सर्वसाधारणमा जारी गरिने शेयरलाई संशोधन गरी प्राथमिक सार्वजनिक शेयर निष्काशनको प्रक्रियालाई निरन्तरता दिने सम्बन्धमा ।
३. प्राथमिक सार्वजनिक निष्काशनबाट प्राप्त रकमको उपयोग सम्बन्धमा ।
४. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा गरिएको संशोधन सम्बन्धमा नियामक निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जन गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**


आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो !
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो !!

## भावपूर्ण श्रद्धाञ्जलि



जन्म : बि.सं. २००७ माघ १

स्वर्गारोहण : बि.सं. २०८३ भदौ १७ (वीर अस्पताल काठमाडौं)

**स्व. चेतनाथ शर्मा घिमिरे**

**नेपाल पत्रकार महासंघ ललितपुर शाखा**का सदस्य
विनोद घिमिरेका पुजनीय पिता
**चेतनाथ शर्मा घिमिरे**को २०८३ भदौ १७ गतेका दिन
स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको
चीरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जलि** अर्पण गर्दछौं ।
उहाँको निधनले नेपाल पत्रकार महासंघ ललितपुर शाखा
मर्माहत भएको छ ।
साथै यस दुःखद् घडीमा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल पत्रकार महासंघ**
ललितपुर जिल्ला शाखा परिवार
ललितपुर

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ॥
इन्द्रै विन्ति गरुन झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. २०००/०५/१२

स्वर्गारोहण: वि.सं. २०८३/०५/१७

## स्व. चन्द्रकला पराजुली

यस ईको हिमाल बचत तथा ऋण सहकारी संस्था लि.का संस्थापक सञ्चालक सदस्य श्री कृष्ण प्रसाद पराजुलीको आमा तथा वर्तमान सञ्चालक समितिका सदस्य श्री लक्ष्मी पौडेल पराजुलीकी सासुआमा स्वर्गीय चन्द्रकला पराजुलीको मिति २०८३/०५/१७ गते असमायिक स्वर्गारोहण भएको खबरले ईको हिमाल बचत तथा ऋण सहकारी संस्था लि. परिवार स्तब्ध र अत्यन्त दुःखित भएको छ । वहाँको स्वर्गारोहण भएको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँको बैकुण्ठमा बास होस् भनी कामना गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**ईको हिमाल बचत तथा ऋण सहकारी संस्था लि.**
बालाजू-१६, काठमाडौं
**परिवार**

# 'पत्रकारिता क्षेत्रलाई संकटमा पार्ने निर्णय स्वीकार्य छैन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले स्वतन्त्र प्रेसको संरक्षण र प्रवर्द्धन अपरिहार्य रहेको बताएका छन् । स्वतन्त्र प्रेस समस्यामा पर्दा त्यसको प्रत्यक्ष असर लोकतान्त्रिक व्यवस्थामाथि पर्ने उनको भनाइ छ । लोककल्याणकारी विज्ञापनको रकम कटौती, विज्ञापनसम्बन्धी नीतिगत व्यवस्था तथा छापा सञ्चारमाध्यमको अस्तित्वमा देखिएका चुनौतीलगायतका विषयमा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाद्वारा गठित 'छापा माध्यम बचाउ सुझाव कार्यदल'ले आइतबार बुझाएको ध्यानाकर्षणपत्र बुझ्दै सभापति थापाले उक्त धारणा व्यक्त गरेका हुन् ।



उनले स्वतन्त्र प्रेसमाथि संकुचन पत्रकारको पेसागत समस्या भए पनि आफ्नो पार्टीका लागि सो विषय लोकतन्त्रकै महत्त्वपूर्ण सवाल भएको बताए । पत्रकार र सञ्चारमाध्यमले उठाएका विषयलाई आफूले गम्भीररूपमा लिएको बताउँदै उनले भने, 'यो तपाईंहरूको पेसागत समस्याको कुरा होला, तर कांग्रेसका लागि लोकतान्त्रिक प्रतिष्ठासँग जोडिएको विषय हो ।'

प्रेस लोकतन्त्रको आधार स्तम्भ भएकाले त्यसको संरक्षण लोकतान्त्रिक दलको प्रमुख जिम्मेवारी भएको उनको भनाइ थियो । छापा माध्यमको समस्या केवल पत्रकारको पेसासँग जोडिएको विषयका रूपमा नहेरी लोकतन्त्रको आधारभूत पक्षसँग जोडेर हेर्नुपर्ने थापाले बताए । 'प्रेसमाथि समस्या आउँदा त्यसको असर समग्र लोकतान्त्रिक प्रणालीमै पर्छ भन्ने कुरा बिर्सिनु हुँदैन,' उनले भने ।

नेपाली कांग्रेस संसदीय दलका नेता भिष्मराज आङदेम्बेले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विषयलाई पार्टीको महत्त्वपूर्ण एजेण्डाका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । सञ्चारमाध्यमलाई कमजोर बनाउने वा पत्रकारिता क्षेत्रलाई संकटमा पार्ने कुनै पनि अवस्थाले लोकतान्त्रिक अभ्यासलाई समेत कमजोर बनाउने भएकाले यस विषयमा पार्टी गम्भीर भएर प्रस्तुत हुने उनको भनाइ थियो ।

सरकारले पछिल्लो समय लोककल्याणकारी बिज्ञापनको रकम कटौती गर्ने गरी संशोधन गरिएको कार्यबिधि खारेज गर्नुपर्ने र निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने सरकारी निर्णय सर्बोच्च अदालतले खारेज गरिसकेको अवस्थामासमेत कार्यान्वयन नगरिएकोले त्यसलाई तुरुन्त कार्यान्वयनमा ल्याउनुपर्नेलगायतका माग कार्यदलले राख्दै आएको कार्यदल संयोजक दामोदरप्रसाद दवाडीले बताए ।

# अर्याललाई केएन मोदी विश्वविद्यालयबाट विद्यावारिधि उपाधि

**काठमाडौं (प्रस)–** पिताम्बर अर्यालले हालै भारत राजस्थानको नवईस्थित डा. केएन मोदी विश्वविद्यालयबाट विद्यावारिधि पूरा गरेका छन् । उनले 'विपद्को सामाजिक-आर्थिक प्रभाव (विपद्को समाजशास्त्र)' विषयमा विद्यावारिधि उपाधि हासिल गरेका हुन् । डा. अर्यालले युरोपबाट जनस्वास्थ्य, भारतबाट समाजशास्त्र र नेपालबाट स्वास्थ्य शिक्षा विषयमा स्नातकोत्तर गरेका छन् । उनीसँग जनस्वास्थ्य, विपद् जोखिम न्यूनीकरण, आपत्कालीन व्यवस्थापन तथा संकट प्रतिकार्यका क्षेत्रमा तीन दशकभन्दा बढीको व्यावसायिक अनुभव रहेको छ ।



आफ्नो व्यावसायिक यात्राका क्रममा उनले अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको महासंघ, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, डेनिस रेडक्रस तथा क्यानाडियन रेडक्रसलगायतका अन्तर राष्ट्रिय संस्थाहरूमा विभिन्न प्राविधिक तथा व्यवस्थापकीय भूमिकामा एक दशकभन्दा बढी समय काम गरेका छन् ।

उनको व्यावसायिक जीवनको महत्त्वपूर्ण हिस्सा नेपाल रेडक्रस सोसाइटीमा समर्पित रहेको छ । उनले त्यहाँ स्वास्थ्य सेवा विभाग, विपद् व्यवस्थापन विभाग तथा युवा रेडक्रस विकासमा नेतृत्वदायी जिम्मेवारीहरू सम्हालेका थिए । साथै, उनले नेपाल रेडक्रस सोसाइटीको महासचिवका रूपमासमेत काम गरेका थिए ।

डा. अर्याल हाल नेपाल युनाइट्सका वरिष्ठ सल्लाहकार तथा डिपीनेट नेपालका सल्लाहकारका रूपमा कार्यरत छन् ।

# भोटेकोशी बाढीबाट १८ विद्यालयमा क्षति

काठमाडौं (प्रस)- भोटेकोशी बाढीबाट रसुवा, नुवाकोट र धादिङका १८ वटा विद्यालय प्रभावित भएका छन् । तीमध्ये ११ वटा पूर्णरूपमा क्षतिग्रस्त हुँदा ९३ करोड ७३ लाख रूपैयाँबराबरको हानि भएको छ । राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको द्रुत क्षति र मूल्यांकन (आरडिएनए) प्रतिवेदनमा विद्यालयका भवन, शैक्षिक सम्पत्ति गरी उक्त परिमाणमा क्षति भएको हो ।

प्रतिवेदनअनुसार १८ वटा विद्यालयका ५६ वटा भवन प्रभावित भएका छन् । जसमध्ये १५२ वटा कोठामा आंशिक र १५६ वटामा पूर्णरूपमा क्षति पुगेको छ । स्थानीय तहअनुसार रसुवाको गोसाइँकुण्ड गाउँपालिकामा एउटा विद्यालय प्रभावित भएको छ । उक्त विद्यालयका दुईवटा भवनका ११ वटा कोठा पूर्णरूपमा क्षतिग्रस्त भएका छन् । मूल्यका हिसाबले यो ३.७५ करोड रूपैयाँबराबरको क्षति हो ।

रसुवाकै उत्तरगया गाउँपालिकामा रहेका तीन वटा विद्यालयका छ वटा भवनमा ३६ वटा कोठा पूर्णरूपमा क्षतिग्रस्त भएका छन् । यो करिब १२.२९ करोड रूपैयाँबराबरको क्षति हो । नुवाकोटको विदुर नगरपालिकामा रहेका नौ वटा विद्यालय प्रभावित भएका छन् । विद्यालयमा ३२ वटा भवनमा क्षति पुगेकामा ६१ वटा कोठा आंशिक र ८९ वटा कोठा पूर्णरूपमा क्षतिग्रस्त भएका छन् । जुन ३६.६२ करोड रूपैयाँबराबर हो । धादिङको गल्छी गाउँपालिकाका तीन वटा विद्यालय प्रभावित भएका छन् । जसमध्ये १० वटा भवनका ७७ वटा कोठा आंशिक र ३० वटा कोठा पूर्णरूपमा क्षतिग्रस्त भएका छन् । जुन १०.६१ करोड रूपैयाँबराबरको क्षति हो ।


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

**(प्रकाशित मितिः २०८३।०५।२९ गतेको प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत/सामुहिक जमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत/सामुहिक जमानी दिनु हुने जमानतकर्ता महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरुको विवरणः**

**१. ऋणीको नामः आभुषण बाखा पालन फर्म** — **कर्जा शिर्षकः** आवधिक कर्जा
(लम्कीचुहा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भल्का, कैलाली सुदूरपश्चिम प्रदेशमा दर्ता रहेको), दर्ता नं.: ३०९, दर्ता मितिः २०७७/०७/२१, स्थायी लेखा नं.: ६०२३५३५१५, ठेगानाः कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ६ ।
**प्रोप्राईटरः**
**दिपेन्द्र बहादुर स्वारः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६२५१(२०५७/०५/०४/कैलाली), बाजेको नामः भक्त बहादुर स्वार, बाबुको नामः झंकर बहादुर स्वार, ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स. वडा नं. ६ भई हाल परिवर्तित कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ६ ।
**व्यक्तिगत जमानतकर्ताः**
**ललिता स्वारः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६७२००३/२६११८(२०६९/०६/२९/कैलाली), बाबुको नामः इन्द्र बहादुर भण्डारी, ससुराको नामः झंकर बहादुर स्वार, पतिको नामः दिपेन्द्र बहादुर स्वार, ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स. वडा नं. ६ भई हाल परिवर्तित कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ६ ।

**२. ऋणीको नामः नर्वदा न्यौपाने** — **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ४३४०/८१९ (२०४४/१२/१२/वाग्लुङ), बाबुको नामः भिम बहादुर न्यौपाने, ससुराको नामः बुद्धि बहादुर बर्मा, पतिको नामः श्याम बहादुर बर्मा, ठेगानाः वाग्लुङ जिल्ला, हुग्दी शिर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ ।
**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. श्याम बहादुर बर्माः** ना.प्र.प.नं (जारी मिति/स्थान): १४३९ (२०४९/१२/१३/नवलपरासी), बाजेको नामः हिम लाल बर्मा, बाबुको नामः बुद्धि बहादुर बर्मा, ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ ।
**ख. किरन बहादुर बर्माः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७२-०२०४०(२०७२/०३/२२/नवलपरासी), बाजेको नामः बुद्धि बहादुर बर्मा, बाबुको नामः श्याम बहादुर बर्मा, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ ।
**ग. मीलन बहादुर वर्माः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७४-००६८७(२०७४/०२/०३/नवलपरासी), बाजेको नामः बुद्धि बहादुर बर्मा, बाबुको नामः श्याम बहादुर बर्मा, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ ।

**३. ऋणीको नामः मीलन बहादुर वर्मा** — **कर्जा शिर्षकः** केडिट कार्ड
ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७४-००६८७(२०७४/०२/०३/नवलपरासी), बाजेको नामः बुद्धि बहादुर बर्मा, बाबुको नामः श्याम बहादुर बर्मा, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ ।

**४. ऋणीको नामः सावित्री शाह** — **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ७४१३७(२०६३/०७/२९/कैलाली), बाबुको नामः पंख बहादुर शाह, ससुराको नामः पुरन कुमार श्रेष्ठ, पतिको नामः पारस श्रेष्ठ, ठेगानाः कैलाली जिल्ला, धनगढी न.पा./गा.वि.स, वडा नं. ५ ।
**व्यक्तिगत जमानतकर्ताः**
**पारस श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९०९६(२०५९/०२/०८/बाँके), बाजेको नामः बलराम कुमार श्रेष्ठ, बाबुको नामः पुरन कुमार श्रेष्ठ , ठेगानाः बाँके जिल्ला, नेपालगंज न.पा./गा.वि.स, वडा नं. १३ ।

**५. ऋणीको नामः धर्म शिला देवी** — **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): २९९(२०५२/०७/२६/रौतहट), बाबुको नामः राम अजोधी हजारी, ससुराको नामः जामुन हजरा, पतिको नामः सुरेन्द्र पासवान, ठेगानाः रौतहट जिल्ला, राजदेवी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा., वडा नं. ६ ।
**व्यक्तिगत जमानतकर्ताः**
**सुरेन्द्र पासवानः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३२१(२०५१/०५/१४/रौतहट, गौर), बाजेको नामः मोहन्त हजरा, बाबुको नामः जामुन हजरा, ठेगानाः रौतहट जिल्ला, राजदेवी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा., वडा नं. ६ ।

**६. ऋणीको नामः दियन्द्र बानियाँ** — **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ६५८२८(२०५१/०२/०२/सिन्धुपाल्चोक), बाजेको नामः नर बहादुर बानियाँ, बाबुको नामः ललित बहादुर बानियाँ, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, कुन्चोक गा.वि.स. वडा नं. ६, स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला, ईन्द्रावती गा.पा., वडा नं. ३ ।

**७. ऋणीको नामः लक्ष्मि वानियाँ** — **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ५३३८(२०४५/०२/२१/सिन्धुपाल्चोक), बाबुको नामः चित्र बहादुर ठकुरी, ससुराको नामः नन्द लाल वानियाँ, पतिको नामः सुर्य बहादुर वानियाँ, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, कुन्चोक गा.वि.स. वडा नं. ९, स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला, ईन्द्रावती गा.पा., वडा नं. ३ ।

**८. ऋणीको नामः इन्दिरा वानिया** — **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): २४३०३४/१९६(२०६३/११/२८/सिन्धुपाल्चोक), बाबुको नामः शम्सेर थापा, ससुराको नामः सोम बहादुर वानिया, पतिको नामः राम कृष्ण वानिया, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, ईन्द्रावती गा.पा., वडा नं. ३ ।

**९. ऋणीको नामः होम नाथ दाहाल** — **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ११७३५१(२०६०/०१/२९/काभ्रे), बाजेको नामः चिरञ्जिबी दाहाल, बाबुको नामः प्रतिमन दाहाल, ठेगानाः काभ्रे जिल्ला, नयाँगाउ गा.वि.स. वडा नं. १, स्थायी ठेगाना भई हाल काभ्रेपलाञ्चोक जिल्ला, मण्डनदेउपुर न.पा., वडा नं. ४ ।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



## ओमनमा रोजगार

कम्पनी : AL-THABAT HOLDING LLC

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/२८ | LT. No. 323044 | चलानी नं. ६०२३६९८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OMR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Brick Mason | 2 | 0 | 120 | ४७,६५४ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Painters | 8 | 0 | 120 | ४७,६५४ | | | | | | | |
| 3. | Cleaner General | 1 | 0 | 100 | ३९,७१२ | | | | | | | |
| 4. | Construction Carpenter General | 20 | 0 | 120 | ४७,६५४ | | | | | | | |
| 5. | Mason General | 29 | 0 | 120 | ४७,६५४ | | | | | | | |
| 6. | Reinforcement Fitter | 16 | 0 | 120 | ४७,६५४ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: गल्फ ट्रेनिङ सेन्टर धनुषा जनकपुरमा मिति : २०८३ असोज ५ गते (21st Sep. 2026) मा हुनेछ ।
आइकोनिक मल्टीपल ट्रेनिङ सेन्टर बाँके नेपालगंजमा मिति : २०८३ असोज ६ गते (22nd Sep. 2026) मा हुनेछ ।
मारुती ट्रेनिङ सेन्टर सर्लाही पर्सामा मिति : २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ८ गते (24th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Jasmine Overseas Pvt. Ltd.
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



## कतारमा रोजगार

कम्पनी : NEW TOP GRADE CLEANING HOSPITALITY AND TRADING

पूर्व स्वीकृति मिति : २०८२/०८/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२८ | LT. No. 334870 | चलानी नं. ६०२४८५२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | plumber | 4 | 0 | 1100 | ४६,११० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | mason | 2 | 0 | 1100 | ४६,११० | | | | | | | |
| 3. | driver | 3 | 0 | 1400 | ५८,६८५ | | | | | | | |
| 4. | dry clean worker | 3 | 0 | 1000 | ४१,९१९ | | | | | | | |
| 5. | foreman | 1 | 0 | 2500 | १,०४,७९५ | | | | | | | |
| 6. | supervisor | 2 | 0 | 2500 | १,०४,७९५ | | | | | | | |

कम्पनी : AL DARJA AL OULIYA SERVICES AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२८ | LT. No. 334206 | चलानी नं. ६०२४८०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | 1400 | ५८,६८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | 2500 | १,०४,७९५ | | | | | | | |
| 3. | General Welder | 2 | 0 | 1100 | ४६,११० | | | | | | | |
| 4. | Mason. | 3 | 0 | 1100 | ४६,११० | | | | | | | |
| 5. | Plumber | 2 | 0 | 1100 | ४६,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ५ गते (21st Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलेखुको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०५/२९ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलेखुबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज आदि चूक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबूझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हूनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने धितो लिलाम सुचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) औ दिन अर्थात मिति २०८३ असोज १३ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय मलेखुबाट लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गरिने भएको हुँदा सर्व साधारणको जानकारीको लागि यो गोप्य शिलबन्दि बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिनईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

तपसिल

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| १. **प्रकाश चन्द्र रावल**<br>ना.प्र.नं.- ४४७८२<br>जारी मिति - २०५८/०७/२६ जि.प्र.का. धादिङ्ग<br>बाबु - राम बहादुर रावल<br>बाजे - दिप बहादुर रावल<br>स्थायी ठेगाना- धादिङ्ग जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ०५<br>हालको ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट रोराङ्ग गा.पा. वडा नं ३ | १. **रन्जिता गिरी रावल**को नाममा मालपोत कार्यालय धादिङ्गमा दर्ता कायम रहेको महादेवस्थान गा.वि.स. वडा नं. ५ (हाल वेनीघाट रोराङ्ग गा.पा. वडा नं २) स्थित कित्ता नं ६७ र ६८ को क्षेत्रफल क्रमशः ५-१३-०-१ र २–४–१–१ (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. **रन्जिता गिरी रावल**<br>ना.प्र.नं.- २६ ४३/३८<br>जारी मिति - २०६१/१२/०७ जि.प्र.का. धादिङ्ग<br>बाबु - रामहरि गिरी<br>बाजे - रराम बहादुर रावल<br>पति - प्रकाश चन्द्र रावल<br>स्थायी ठेगाना- धादिङ्ग जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ०५<br>हालको ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट रोराङ्ग गा.पा. वडा नं ३ | २. **राम बहादुर रावल**<br>ना.प्र.नं.- ५८६<br>जारी मिति - २०३६/११/२८ जि.प्र.का. धादिङ्ग<br>बाबु - सन्त बहादुर रावल<br>बाजे - दिप बहादुर रावल<br>स्थायी ठेगाना- धादिङ्ग जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ०५<br>हालको ठेगाना- धादिङ्ग जिल्ला, वेनीघाट रोराङ्ग गा.पा. वडा नं ३ |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितीले १५ (पन्ध्र) दिन अर्थात २०८३ असोज १२ गते** भित्र बैंकको शाखा कार्यालय मलेखुमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलेखुबाट रु ५००/ तिरी प्राप्त गर्न सकिने छ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा को बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्ने छ ।
३. बोलपत्रमा आफूले लिनचाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफूले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ, सो वाहेक अन्यकुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८३ असोज १३ अपरान्ह ३ :०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय मलेखुमा बोलपत्र खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितीमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगीआएको तथा शर्त राखी दिएको बोलपत्र उपर कूनै कारवाही गरिने छैन।
७. बोलपत्र स्विकृत भएमा सम्वन्धित बोलपत्र दाताले सोको सूचनापाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोल कवोल गरेको धरौटी वाहेकको बांकी रकम बैंकमा जम्मा गर्नू पर्नेछ । अन्यथा धरौटी वापत जम्माभएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्वन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हूने सम्पत्ति सम्वन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मलेखुमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०.धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन तथा प्रचलित कानून बमोजिम बैंङ्कले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११.गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२.प्राप्त भएको गोप्य शिलबन्दि बोलपत्र अन्तर्गत सवै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार बैंकमै सूरक्षित राखीएको छ ।
१३.धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पुर्ण लेना असुलउपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ ।

**बोलपत्र खोलिने मिति २०८३ असोज १३ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय मलेखु फोन नं. ०१०-४०००२१/२२**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# उपभोग्य वस्तुमा नियमन बढाऊ

वर्षात् सकिएसँगै चाडपर्वको अब लहर आउँदै छ। चाडपर्वमा देशभर उपभोग्य वस्तुको माग बढ्छ। तर रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण देशको प्रमुख सप्लाई चेन भत्किएको छ। चीनबाट सामान आउने केरुङ–काठमाडौंमात्र हैन कृष्णभीरको पहिरोले दक्षिणको सामान आउने सप्लाई चेन पनि ठप्प छ। यसले चाडपर्वको मुख्य बजार काठमाडौं उपत्यकामा सुरुमा ग्यासको अभाव देखियो। विस्तारै नुन र चिनीकोसमेत अभाव हुन थालेको छ।

सामान्य उपभोग्य वस्तुकोसमेत अभाव देखाउँदै व्यवसायीले मूल्य बढाउन थालेका छन्। यो बेला सरकारले नियमन गरी बजारलाई व्यवस्थित बनाउनुपर्ने हो। तर बजारमा अण्डा, तरकारीदेखि मासुको भाउसमेत बढाउन थालिएको छ। यसले उपभोक्ताको भान्सामा महँगी थुपारेको छ। जसले कमजोर आय भएकाहरूलाई झनै मारमा पारेको छ।

उपत्यका खाद्यवस्तुमा दक्षिण मुलुक भारतसँग आश्रित छ। विद्युतीय सामग्रीमा चीनसँग आश्रित छ। केही दिन आयात नहुँदा व्यवसायीले सामान लुकाउने र पछि महँगोमा बेच्ने प्रवृत्ति पहिलेदेखिकै हो। यस्तो अवस्थामा उपभोक्ता पनि आत्तिएर धेरै किनेर भण्डारण गर्न अघि बढ्छन्। यस्तो अवस्थामा व्यापारीहरूको मनोबल अझै उच्च हुन्छ। त्यसको सीधा असर आमउपभोक्ताको गोजीमा पर्छ। यस्तो मनोबल बढ्दै गए यसपटकको दसैं तिहारलगायत पर्व निकै महँगो पर्ने देखिन्छ।

कम्पनी र साल्ट ट्रेडिङले देशका विभिन्न स्थानमा सुपथ मूल्य पसल सञ्चालन गर्ने र खाद्यान्न, दाल, चामल, तेल तथा नुनमा केही रूपैयाँ छुट दिने योजना अघि सारेका छन्। यो प्रयास सकारात्मक भए पनि दसैंमा अत्यधिक माग हुने अत्यावश्यक वस्तुहरूकै बजार नियन्त्रण गर्न नसकेसम्म यस्ता पसलहरूको प्रभावकारिता आंशिकमात्रै रहने छ। अझ यस्ता सामानहरूमा न्यूनतम कोटा नतोक्दा खुद्रा पसले नै ग्राहक बनेर सहुलियत पसलबाट टन्नै किनेर ल्याउने र आफ्नो पसलबाट महँगोमा बेच्नेसम्मको चलाखीसमेत गर्छन्।

नागरिक संकटमा पर्दा सरकारले अभिभावकीय भूमिका खेल्नु प्राथमिक दायित्व हो। सडक सञ्जाल बिग्रियो भनेर पन्छिनुको साटो द्रुत मार्ग, वैकल्पिक मार्ग वा आपत्कालीन व्यवस्थापनमार्फत आपूर्तिको सहजता मिलाउनु सरकारको कर्तव्य हो। बजेट अभावको प्रशासनिक अल्झो देखाएर जनतालाई महँगीको भट्टीमा झोस्नु कुनै पनि हालतमा तर्कसंगत हुन सक्दैन।

यस्तो विषयमा सरकारले तत्काल हस्तक्षेप गरी बजारमा हुने सम्भावित कालोबजारी, मूल्यवृद्धि र कृत्रिम अभावविरुद्ध कडा अनुगमन थाल्नुपर्छ। खाद्य संस्थानले निजी क्षेत्रबाट हुने आपूर्तिलाई व्यवस्थित, पारदर्शी र सहुलियतपूर्ण बनाउन निश्चित मूल्य सीमा तय गरिनुपर्छ। चाडपर्वको मुखमा नागरिकलाई राहत दिनुको साटो थप सास्ती दिने छुट सरकारलाई छैन।

बजार अनुगमन गर्ने काममा संघीय सरकारमात्रै होइन, स्थानीय सरकार पनि सक्रिय बन्नुपर्छ। स्थानीय सरकार आफैंमा अधिकार सम्पन्न र जनताको घरदैलोको सरकार हो। त्यसैले जनताको प्रत्येक समस्यामा ऊ जानकार हुनुपर्छ। ती समस्याबाट जनतालाई मुक्ति दिन अग्रसरतालिने कर्तव्य स्थानीय सरकारले हो। यसतर्फ देशभरकै स्थानीय सरकारको ध्यान जाओस्।

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ। संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ। यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ। तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन। गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन।

# 'बालेन सरकार सिण्डिकेटधारीको प्रभावमा पर्छ भन्ने लाग्दैन'



**डिकबहादुर खत्री**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

मलेसियाको रोजगारीमा एकाधिकार (सिण्डिकेट) लगाउने प्रयास भएपछि यतिबेला वैदेशिक रोजगार व्यवसायीहरु सशंकित छन्। उक्त मुलुकको भर्ना प्रक्रियामा एकाधिकार भित्र्न नदिन वैदेशिक रोजगार व्यवसायीहरुको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले राज्यका निकायहरुमा दबाब दिने काम गरिरहेको छ। युवा, श्रम तथा रोजगार मन्त्रालयको निर्देशनमा वैदेशिक रोजगार विभागले एकाधिकार भित्र्याउन सक्रिय व्यवसायीमाथि कारबाही अगाडि बढाइसकेको छ। तर, मलेसिया सरकारले हालै लागू गरेको 'विदेशी कामदारको केन्द्रीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस)' मा सूचीकृत २५ व्यवसायीले आफ्नो दायरा विस्तार गर्दै लगेका छन्। पछिल्लोपटक सहायक संस्थाका रुपमा थप २५० संस्थालाई सूचीकृत गरेसँगै वार्षिक हजारौं संख्यामा नेपाली कामदार जाने मलेसियाको रोजगारी अन्योलमा परेको छ। यसै सन्दर्भमा केन्द्रित रहेर नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष **डिकबहादुर खत्री**सँग प्रभाव संवाददाता **ममता थापा**ले गरेको कुराकानीः

"

- जसले सिण्डिकेट लागू गराउनका निम्ति भरमग्दुर प्रयास गर्दै हुनुहुन्छ, पहिलो आग्रह त्यो प्रयास छोड्नुस्। दोस्रो कुराचाहिँ उहाँहरुले गरेको प्रयास हाम्रो देशमा सफल हुँदैन।
- स्वतन्त्ररुपमा इजाजतपत्र लिएका २५० संस्था आफ्नो स्वाभिमानसमेतलाई दाउमा राखेर किन त्यहाँ जोडिन जानुभयो होला भन्ने प्रश्नको विषय छ।
- २५० भित्रका कतिपय व्यवसायीले बिनासल्लाह सूचीकरण गरिएको भनेर स्पष्टीकरण पठाउनुभएको छ। तर संघको दृष्टिकोण बदलिन उहाँलाई सूचीकृत गर्ने व्यक्तिलाई कानुनी दायरामा उहाँहरु आफैंले ल्याउनुपर्छ।
- एकाधिकारभित्र भएका संस्थाहरुलाई हेर्नुभयो भने कोही संस्था भर्खर जन्मिएका छन्, कतिको त कार्यालय नै छैन, कतिले मलेसिया नै देखेका छैनन्।
- दुई सरकारबीच सहमति भएर आयो भने पनि निश्चित संख्यालाई मात्रै तोक्नु त पूर्णतः एकाधिकार हो। यसर्थ राज्यको कुनै पनि कानुनले एकाधिकार स्वीकार्दैन।
- अहिलेको बालेन सरकारलाई प्रभावमा पार्लान् भन्ने लाग्दैन। सिण्डिकेटवालाहरुको पैसा लिएर सिण्डिकेटलाई प्रश्रय दिन आजको राजनीतिक र प्रशासनिक नेतृत्व लाग्दैनन् भन्न मलाई विश्वास छ।
- सबैभन्दा ठूलो उपचार भनेको एफडब्ल्युसिएमएसमा सूचीकरण भएका संस्थाहरुले जसरी उहाँहरु त्यहाँ प्रवेश गर्नुभयो, त्यसैगरी निस्किनु नै हो।

**मलेसियाको रोजगारीमा एकाधिकार भित्र्याउन सक्रिय समूहको प्रयास जारी छ। सरकार र व्यवसायीहरू आफ्नो तर्फबाट विरोध गर्ने, कानुनी प्रावधान सम्झाउने गरिरहनुभएको छ। तर पनि उनीहरू रोकिएका छैनन्। अब सिण्डिकेट लाग्ने नै हो त ?**

सिण्डिकेट लागू हुँदैन। लागू गर्न दिनु हुँदैन। सिण्डिकेट लागू गर्नका निम्ति त्यो देशको शक्ति केन्द्रलाई हातमा लिने प्रयास भएको हो। तसर्थ सक्रियता बढाउनु स्वाभाविकै छ। उहाँहरू जसले सिण्डिकेट लागू गराउनका निम्ति भरमग्दुर प्रयास गर्दै हुनुहुन्छ, पहिलो कुरा त त्यो प्रयास छोड्नुस्। दोस्रो कुराचाहिँ उहाँहरूले गरेको प्रयास हाम्रो देशमा सफल हुन्छ जस्तो मलाई लाग्दैन।

**फेरि २५ जना व्यवसायीले एफडब्ल्युसिएमएसमा २५० व्यवसायीलाई जोडिसके। त्यो सूची पनि अझ 'रिभाइज' गर्ने काम भइरहेको भनिन्छ। सिण्डिकेट रोक्ने तपाईंहरूको प्रयासले काम गरेको जस्तो देखिँदैन नि ?**

त्यो चाहिँ प्रक्रियासँग सम्बन्धित विषय भयो। पहिला २५ व्यवसायी सूचीकरण हुनुभयो। हामीले उहाँहरूलाई यो गलत हो, तपाईंहरू बाहिर आउनुस् भनेर आह्वान गऱ्यौं तर त्यसपछि २५० संख्या थप गर्ने काम भयो। यो २५० संख्या थप्नु भनेकोचाहिँ आमजनता र नेपाल सरकारलाई छारो हाल्ने काम भएको हो।

एकको तल १० भएपछि ती १० संस्थाचाहिँ 'प्रिन्सिपल एजेन्सी'का 'सहायक एजेन्सी' अथवा 'एजेन्ट'हरू हुन् भन्ने अर्थ लाग्छ। स्वतन्त्र रूपमा इजाजतपत्र लिएका २५० संस्था आफ्नो स्वाभिमानसमेतलाई दाउमा राखेर किन त्यहाँ जोडिन जानुभयो होला भन्ने प्रश्नको विषय छ। कतिपय २५० भित्रका व्यवसायीहरूलेचाहिँ हामीलाई विनासंवाद, विनासल्लाह सूचीकरण गरिएको छ भन्ने कुराहरू पनि आएका छन्। उहाँहरूले स्पष्टीकरण पनि पठाउनुभएको छ। तर संघको उहाँहरूमाथिको दृष्टिकोण परिवर्तन गर्नका निम्ति उहाँलाई सूचीकृत गर्ने व्यक्तिलाई कानुनी दायरामा उहाँहरू आफैंले ल्याउनुपर्छ।

**यो प्रणालीमा प्रवेश पाउन अर्बौं लगानी भइसकेको भन्ने सुनिन्छ। यति ठूलो खर्च भइसकेको अवस्थामा राज्यकै शक्ति केन्द्रहरूलाई पनि प्रभावमा पार्न सक्ने जोखिम होला नि ?**

अहिलेको परिप्रेक्ष्यमा मुलुकमा रोजगारीको पर्याप्तता नभएका कारणले वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता छ। रोजगारीमा जाने श्रमिकहरूलाई लक्षित गरेर उहाँहरूसँग आर्थिक शोषण गर्नका निम्ति खडा गरिने एकाधिकारहरू त बर्जित हुनुपऱ्यो नि। नागरिक र सरकारले यो बुझ्नु जरुरी छ।

यहाँले भनेको जस्तो शक्ति केन्द्रलाई प्रभावमा पार्न पनि सक्छन्, ठूलो पैसाको चलखेल भएको छ भन्ने जुन कुरा बाहिर बजारमा सुनिएको छ। आजको आमजनअपेक्षा बोकेको बालेन सरकार भन्छौं, यो सरकारलाई प्रभावमा पार्लान् भनेर विश्वास गर्न सकिँदैन। किनभने, यो हिजोको जस्तो समय होइन। यो समयमा सिण्डिकेटवालाहरूको पैसा लिएर सिण्डिकेटलाई प्रश्रय दिन आजको राजनीतिक र प्रशासनिक नेतृत्व लाग्छन् भन्ने मलाई लाग्दैन।

**सिण्डिकेट लागू हुन नदिनका निम्ति तपाईंहरू दिनदिनै मन्त्रालय, विभाग धाइरहनुभएको छ, ती निकायहरूलेचाहिँ के गरिरहेका छन् ?**

खास गरेर श्रम मन्त्रालय र वैदेशिक रोजगार विभाग नै नियमनकारी निकाय हुन्। हामी त्यहीँ नै गइरहेका छौं। मन्त्रालयले शुक्रबार विभागलाई २५ व्यवसायीको हकमा त्यो संस्था जन्म भएदेखि अहिलेसम्मका सम्पूर्ण कारोबारहरूको 'इन्भेस्टिगेसन' गर्नू भनेर पत्राचार गरेको र २५० व्यवसायीको हकमा स्पष्टीकरण सोध्न पत्राचार गरेको छ। अहिले ती संस्थाहरूले श्रमिक पठाउन नमिल्ने गरेर प्रतिबन्ध लगाएर इन्भेस्टिगेसन गर्ने भनेर निर्देशन भएको छ र विभागले काम थालिसकेको छ।

**विगतका नजिरहरू हेर्दा सरकारले गर्ने अनुसन्धान निष्पक्ष हुन्छ भनेर विश्वस्त हुन सकिएला ?**

हामी विश्वस्त छौं, किनभने ती २७५ संस्थामात्रै वैदेशिक रोजगार व्यवसायी होइनन्। ११ सयभन्दा बढी व्यवसायीहरू आफ्नो पेसा व्यवसायमा सक्रिय छन्। गज्जबको कुरा त छ भने एकाधिकारभित्र भएका संस्थाहरूलाई हेर्नुभयो भने कोही संस्था भर्खर जन्मिएका छन्, कतिको त कार्यालय नै छैन, कतिले मलेसिया नै देखेका छैनन्। मापदण्डको कुरा गर्दा जोइन्ट कमिटी मिटिङले निर्धारण गरेका कुराहरू हामीले कार्यान्वयन गर्ने भनेर स्पष्ट उल्लेख भएको छ। कहीं कतै दुई सरकारबीच सहमति, यसका विषयमा छलफल भएको पनि देखिँदैन। दुई सरकारबीच सहमति भएर आयो भने पनि निश्चित संख्यालाई मात्रै तोक्नु त पूर्णतः एकाधिकार हो। यसर्थ राज्यको कुनै पनि कानुनले एकाधिकार स्वीकार्दैन। अहिलेको सरकारले कानुनको पालना गर्दै हामीलाई न्याय दिन्छ भन्नेमा विश्वस्त छौं।

**अन्त्यमा, सबैलाई राज्यले अब समानरूपमा व्यवसाय गर्न इजाजतपत्र दिए पनि केही व्यवसायीमा मनभित्र जागेको त्यो लोभकै कारण यो अवस्था आएको देखिन्छ। यसको उपचार के होला ?**

यसको सबैभन्दा ठूलो उपचार भनेको एफडब्ल्युसिएमएसमा सूचीकरण भएका संस्थाहरूले जसरी उहाँहरू त्यहाँ प्रवेश गर्नुभयो, त्यसैगरी निस्किनु नै हो। सरकार आफ्नो गतिमा अगाडि बढिसकेको छ। सरकार प्रक्रियामा प्रवेश गर्नुपूर्व नै उहाँहरू आफैं सचेत भएर आफ्नो नाम निकाल्नपऱ्यो। यति भएपछि उहाँहरू फेरि आफ्नो पेसामा फर्किने वातावरण बन्छ।

नेपालबाट निर्वाधरूपमा श्रमिक मलेसिया जाने वातावरणको सिर्जना गर्दै सिण्डिकेटलाई परास्त गर्नु नै सरकार र संघको ध्येय हो। यदि यो सम्भव भएन भने मलेसियामा सूचीकृत संस्थाहरूको माध्यमबाटै श्रमिक पठाउनुपर्छ भन्ने छैन। अरू डेस्टिनेसन खोजौं। युरोपको मागपत्र प्रमाणीकरण नहुँदा पनि व्यक्तिगत तवरमा त्यत्रो जनशक्ति गइरहेका छन्। अनि मलेसियाको सिण्डिकेट मानेर श्रमिकलाई त्यत्रो आर्थिक भार पारेर फेरि त्यहीँ श्रमिक पठाउनपर्ने बाध्यता हामीलाई छैन।

पाठक मञ्च

## बधाइ नेपाली क्रिकेट टोलीलाई !

नेपालले शनिबार एसिसी प्रिमियर कप जितेर पुनः एसिया कपमा आफ्नो स्थान सुरक्षित गरेको समाचारले प्रत्येक नेपाली खेलप्रेमीको छाती गर्वले चौडा बनाएको छ। क्रिकेट केवल एक खेलमात्र नरहेर नेपाली राष्ट्रिय एकता, उत्साह र पहिचानको बलियो माध्यम बनिसकेको छ। यस्तो अवस्थामा नेपाली राष्ट्रिय टोलीले देखाएको निरन्तरको मिहिनेत र उत्कृष्ट प्रदर्शनका लागि सम्पूर्ण टोली, प्रशिक्षक तथा व्यवस्थापकहरू बधाइका पात्र हुन्।

अन्तर्राष्ट्रिय मञ्चमा देखापरेका सानातिना प्राविधिक तथा तथ्यगत अन्योलहरूलाई पन्छाएर हेर्ने हो भने, मैदानमा टोलीले देखाएको प्रदर्शन र प्राप्त उपलब्धि ऐतिहासिक छ। फाइनल खेलमा आसिफ शेखको परिपक्व शतकीय इनिङ्स, गुलशन झाको आक्रामक अर्धशतक, कप्तान रोहित पौडेल, अर्जुन कुमाल तथा बलिङतर्फ करण केसी, ललितनारायण राजवंशी र सम्पूर्ण बलरहरूको एकीकृत प्रयासले नेपालको विजय सम्भव भएको हो। दबाबकाबीच पनि ३१३ रनको विशाल योगफल तयार पार्नु र विपक्षीलाई रोक्नुले नेपाली क्रिकेट परिपक्वताको नयाँ उचाइमा पुगेको स्पष्ट पार्छ।

यद्यपि, यो जित केवल एउटा यात्राको सुरुवातमात्र हो। एसिया कपजस्तो प्रतिष्ठित र ठूलो मञ्चमा एसियाका शीर्ष टोलीहरूसँग प्रतिस्पर्धा गर्नु आफैंमा ठूलो चुनौती हो। अघिल्ला प्रतियोगिताहरूबाट सिकिएका पाठहरूलाई आत्मसात् गर्दै आगामी दिनमा टोलीको ब्याटिङ, बलिङ र फिल्डिङका सूक्ष्म पक्षहरूमा अझ बढी सुधार ल्याउनु आवश्यक छ। विशेषगरी मध्यम क्रमको ब्याटिङमा निरन्तरता र अन्तिम ओभरहरूमा ब्याटिङ तथा बलिङ दुवैतर्फ रणनीतिक स्पष्टता हुनु अनिवार्य देखिन्छ।

यसका साथै, खेलाडीहरूको मिहिनेतसँगै देशको खेल पूर्वाधारमा पनि व्यापक सुधार हुनुपर्ने देखिन्छ। राष्ट्रिय टोलीले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको झण्डा उच्च बनाइरहँदा देशभित्र व्यवस्थित र अत्याधुनिक रंगशाला, फ्लडलाइट, टर्फ पिच तथा नियमित घरेलु प्रतियोगिताहरूको संरचना तयार पार्न सम्बन्धित निकायहरूले ढिलाइ गर्नु हुँदैन। खेलाडीहरूको लगनशीलतालाई सही भौतिक पूर्वाधार र उच्चस्तरीय प्रशिक्षणको साथ मिल्न सकेमा नेपाली टोलीले अझ ठूला उपलब्धि हासिल गर्ने छ।

नेपाली टोलीको यो विजयले देशका लाखौं युवाहरूमा नयाँ आशा र प्रेरणाको सञ्चार गरेको छ। एसिया कपजस्तो उच्चस्तरीय प्रतियोगितामा भारत, पाकिस्तानजस्ता टोलीहरूसँग पुनः भिड्ने अवसर पाउनु नेपाली क्रिकेटका लागि अर्को ठूलो कोशेढुंगा हो। जित र हार खेलका दुई पाटा हुन्, तर मैदानमा देखिने जुझारूपन र नेपाली खेल भावना नै हाम्रो मुख्य शक्ति हो।

अन्त्यमा, आगामी एसिया कपका साथै भविष्यमा हुने सम्पूर्ण अन्तर्राष्ट्रिय प्रतियोगिताहरूका लागि नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई हार्दिक बधाइ तथा जितको अग्रिम शुभकामना व्यक्त गर्दछु। सम्पूर्ण नेपालीहरूको साथ, समर्थन र प्रार्थना सधैं टोलीसँग रहने छ।

नेपाली क्रिकेटको जय होस् !

**- अनन्त तामाङ**
बनेपा, काभ्रेपलाञ्चोक

# देउडामा गुञ्जियो 'आत्महत्या होइन, जीवन रोजौं' भन्ने सन्देश

■ भूमिराज पिठातोली

**रायल (बझाङ)–**

*'पापी मन बुझाउनाखी आफैं जान्दो रैछ,*
*सबैभन्दा ठूलो बिराम चिन्ता मान्नु रैछ ।'*

देउडाको मौलिक भाकामा यी हरफ गुञ्जिँदा रायलको वातावरण केहीबेर स्तब्ध भयो । यी शब्द केवल गीतका हरफ थिएनन्, किशोर मनभित्र गुम्सिएका पीडा र चिन्ताका अभिव्यक्ति थिए । देउडाको लयमा मनोरञ्जन थियो, तर शब्दमा जीवनको गहिरो कथा थियो, तनाव थियो, निराशा थियो, सामाजिक दबाब थियो र सबैभन्दा महत्त्वपूर्ण, जीवन रोज्नुपर्छ भन्ने सन्देश थियो ।

बझाङको केदारस्यूँ गाउँपालिका-१ रायलस्थित गर्जेपानी माध्यमिक विद्यालयमा शनिबार आयोजित अन्तरमाध्यमिक विद्यालयस्तरीय देउडा गायन प्रतियोगिताले स्थानीय संस्कृति र मानसिक स्वास्थ्यसम्बन्धी चेतनालाई एउटै मञ्चमा उभ्याएको थियो । प्रतियोगितामा पाँच विद्यालय सहभागी थिए । झोताको भैरव माध्यमिक विद्यालय, भाडिकोटको नमादेव माध्यमिक विद्यालय, रातापानीको बेताल माध्यमिक विद्यालय र सैन्यूको जगन्नाथ माध्यमिक विद्यालयका विद्यार्थीले प्रस्तुत गरेका देउडाले किशोर मनका समस्या र मानसिक स्वास्थ्यको विषयलाई मौलिक भाकामार्फत उजागर गरेका थिए ।

*'घर झाउँ कामको चिन्ता,*
*स्कुल पढाइको,*
*बालो उमेर उर्ली आयो,*
*मैदान भै लडाइको ।'*

यी हरफले किशोरावस्थामा बालबालिकाले भोगिरहेको दबाबको चित्र कोर्‍यो । घरमा कामको बोझदेखि विद्यालयको पढाइसम्म, परिवारको अपेक्षादेखि सामाजिक दबाबसम्मका विषय देउडाका शब्दमा आएका थिए । खेल्ने, रमाउने र भविष्यका सपना बुन्ने उमेरमै कतिपय बालबालिका मानसिक तनावको भारी बोकेर हिँड्न बाध्य भएको यथार्थ विद्यार्थीले गीतमार्फत सुनाएका थिए ।

स्थानीय भाका र मौलिक लयमा प्रस्तुत गरिएका गीतका शब्दले मनोरञ्जनका लागि उपस्थित अभिभावकलाई सोच्न बाध्य बनाए । पुस्तौंदेखि मनोरञ्जन, सामाजिक संवाद र आफ्ना सुखदुःख व्यक्त गर्ने माध्यमका रूपमा रहेको देउडा यसपटक भने मानसिक स्वास्थ्यको आवाज बनेर गुञ्जियो । प्रतियोगितामा विद्यार्थीले मानसिक तनाव, निराशा, आत्मविश्वासको कमी, पारिवारिक तथा सामाजिक दबाब र आत्महत्याको जोखिमजस्ता संवेदनशील विषयलाई सिर्जनात्मक ढंगले उठाएका थिए ।

*'चेतनाको कमीले हो,*
*अकालमै मर्‍या,*
*अमूल्य माइसको चोला*
*फाल्पासो जनर्‍या ।'*

यी शब्दले मानव जीवनको मूल्य सम्झाउँदै कठिन परिस्थितिमा पनि जीवन त्याग्ने होइन, त्यसको सामना गर्ने सन्देश दिएको थियो । मानसिक समस्या आउनु कमजोरी होइन र समस्याको समाधान आत्महत्या होइन भन्ने भाव विद्यार्थीका प्रस्तुतिमा स्पष्ट देखिन्थ्यो ।

आत्महत्याका घटना न्यूनीकरण गर्न विद्यालय तहबाटै मानसिक स्वास्थ्यसम्बन्धी चेतना फैलाउनुपर्ने आवश्यकता देखिएपछि चेतनामूलक देउडा गीता प्रतियोगिता आयोजना गरिएको गर्जेपानी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चित्रबहादुर मल्लले बताए । किशोरावस्था शारीरिक, मानसिक र भावनात्मक परिवर्तन तीव्र हुने संवेदनशील समय भएकाले यस उमेरका बालबालिकाका भावना र व्यवहारलाई गम्भीरतापूर्वक बुझ्नुपर्ने उनले बताए ।

किशोरावस्थामा हुने मानसिक समस्यालाई ध्यानमा राखेर नेपाल इन्स्टिच्युट अफ मेन्टल हेल्थले कार्यक्रमका लागि आर्थिक सहयोग गरेको थियो । गर्जेपानी विद्यालयको आयोजनामा भएको प्रतियोगितामा गाउँपालिकाका स्वास्थ्य संयोजक अमरबहादुर विष्टले पछिल्ला वर्षमा आत्महत्याका घटना बढिरहेको तथ्यांक प्रस्तुत गरे । उनले आर्थिक वर्ष २०८२/८३ मा नेपालमा सात हजार १३२ जनाले आत्महत्या गरेका जानकारी दिए ।

उनले भने, 'नेपालमा दैनिक आत्महत्या गर्नेको संख्या बढिरहेको छ । यो तथ्यांक घटाउन परिवार, विद्यालय, समुदाय र राज्य सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।' उनले आत्महत्या सामान्य विषय नसम्झिन आग्रह गरे । 'हाम्रोतिर कायरले आत्महत्या गर्छ भन्ने भाष्य छ । तर, आत्महत्याको सोचसम्म पुग्नु सम्बन्धित व्यक्तिका लागि निकै जटिल अवस्था हो । त्यो बुझ्नु जरूरी छ ।'

स्वास्थ्य संयोजक विष्टका अनुसार आत्महत्या रोकथाम स्वास्थ्य क्षेत्रको मात्रै जिम्मेवारी होइन । परिवारमा आफ्ना कुरा खुलेर भन्नसक्ने वातावरण, विद्यालयमा विद्यार्थीका समस्या सुन्ने संस्कार र समुदायमा मानसिक स्वास्थ्यबारे संवाद आवश्यक छ । समयमै समस्या पहिचान गरेर सहयोग र उपचारको पहुँचमा पुर्‍याउनसके धेरै जोखिम रोक्न सकिने उनले बताए ।

## निरन्तर अभियानमा मल्ल

गर्जेपानी माध्यमिक विद्यालयका शिक्षक पूर्णबहादुर मल्ल डेढ वर्षयता मानसिक स्वास्थ्यसम्बन्धी सचेतना फैलाउने अभियानमा जुटेका छन् । छोरीले आत्महत्या गरेपछि वीक्षिप्त बनेका मल्लले मनोपरामर्शदाताबाट तालिम पाएपछि गाउँगाउँमा गएर सचेतनाको सन्देश फैलाइरहेका छन् । गर्जेपानी माविमा हरेक हप्ता मानसिक स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम भइरहन्छन् । देउडा गायन प्रतियोगिता पनि उनकै अग्रसरतामा भएको थियो ।

गाउँगाउँमा मानसिक स्वास्थ्यसम्बन्धी सचेतना फैलाउँदै आएका मल्लले किशोरकिशोरीका व्यवहारमा आउने परिवर्तनलाई सामान्य भनेर बेवास्ता गर्न नहुने बताए । 'किशोर-किशोरीका समस्या सुन्ने, भावना बुझ्ने र आवश्यक पर्दा सहयोग तथा परामर्श उपलब्ध गराउने वातावरण विद्यालय र परिवारले बनाउनुपर्छ,' उनले भने । विद्यार्थी तथा शिक्षकलाई मानसिक स्वास्थ्यका विषयमा जानकारी दिने मल्लको अभियानले विद्यालय तहमा बहसको विषय बनाउन सहयोग पुर्‍याएको सोही विद्यालयका आमा समूहकी अध्यक्ष देवकी मल्लले बताइन् ।

## प्रतियोगितामा गुञ्जिएको अर्को हरफ थियो

*'चित्त दुखाई जन बस्या, हृदय रूनो छ,*
*मानसिक रोगको पन, उपचार हुनो छ ।'*

यी हरफले मानसिक समस्या आएमा जीवन समाप्त गर्ने होइन, उपचार खोज्नुपर्ने सन्देश बोकेको छ । चित्त दुखेका बेला हतारमा गलत निर्णय लिनुभन्दा परिवार, शिक्षक, स्वास्थ्यकर्मी वा सम्बन्धित व्यक्तिसँग आफ्ना कुरा राखेर सहयोग लिनुपर्ने भाव गीतमा प्रस्तुत गरिएको थियो ।

'गर्जेपानीमा भएको यो प्रतियोगिता एउटा सांस्कृतिक कार्यक्रम मात्र रहेन,' आमा समूहकी अध्यक्ष मल्लले भनिन्, 'यसले देउडालाई मानसिक स्वास्थ्यसम्बन्धी संवादको माध्यम बनायो । विद्यार्थीले आफ्नै भाकामा आफ्नै मनका कुरा सुनाए । शिक्षक र अभिभावकलाई आफ्ना बालबालिकाको मनभित्र पनि एउटा संसार हुन्छ भन्ने सम्झाएँ ।' किशोरकिशोरीको मनमा आउने तनाव, निराशा, असफलता तथा पारिवारिक र सामाजिक दबाबलाई समयमै बुझ्न सके धेरै जोखिम रोक्न सकिने उनले बताइन् । *रासस*



**अवरुद्ध सडक खुलाउने प्रयास गरिदै** | **भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीको कटानले क्षति पुर्‍याएको गल्छी–देवीघाट सडकखण्ड अन्तर्गत बेलकोटगढी–७ छब्बिसेमा सडक खुलाउन प्रयास गर्दै ।** तस्बिरः रासस

# तीजको दरखाने खर्च बाढीपीडितलाई

काभ्रेपलाञ्चोक- पाँचखाल नगरका सामुदायिक स्वास्थ्य स्वयंसेविकाले तीजको दरखाने पैसा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेका छन् । पाँचखाल-३, ४, ५ र ६ का स्वयंसेविकाले यही भदौ १० गते रसुवाको भोटेकोशी बाढीपीडितका लागि १५ हजार ५४५ रूपैयाँ सहयोग गरेका हुन् ।

बाढीप्रभावितका लागि केही राहत होस् भन्ने उद्देश्यले महिला स्वास्थ्य स्वयंसेविका 'दिदीबैनी-समूह'द्वारा गरिने दरखाने कार्यक्रमबाट उक्त रकम छुट्याएर राहत कोषमा जम्मा गरिएको समूहकी सदस्य सरस्वती भेटवालले बताइन् ।

यसैगरी, नमोबुद्ध नगरका महिलाहरूले गत साता यस वर्षको तीज विशेष कार्यक्रम नगरी बाढीपीडितको सहयोगका लागि ९१ हजार ३४५ रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेका छन् । महिलाहरूले बाढीप्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनामा सहयोग गर्ने उद्देश्यले नगर महिला, बालबालिका तथा समाजकल्याण उपशाखाको नेतृत्वमा रकम जम्मा गरेका हुन् । नगरको महिला सञ्जालले तीजको खर्च कटाएर कोषमार्फत पीडितलाई सहयोग गर्ने निर्णय गरेको थियो । *रासस*


**Sunawarshi Municipality**

**Office Of The Municiple Executive**

**Dainiya, Morang**

**Koshi Province**

## Invitation For Sealed Qutation

**Published date: 2083/05/29 (14th of sept. 2026)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites Hard copy from eligible bidder for the procurement of the following goods (Medicine ) under sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (Without Vat) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/SQ/ MEDICINE/083/84-01 | Adharbhut tatha akasmik swasthya sewako lagi aausadhi kharid | 23,45,573.37/- (Goods) | 59,000 /- | 1000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9842098286, Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents by hard copy from office of sunawarshi municipality, Dianiya, Morang and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138 & SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178
4. A complete Set of Bidding Documents May be purchased from the Office Of sunawarshi Municipality Dainiya Morang by hard copy from Office of sunawarshi Minicipality, Dianiya, Morang. Bidders, submitting their bid as hard copy, should deposit the cost (non-refundable fee of Nrs 1000/- on or Before 2083/06/05 (21st of sept. 2026) during office hours.)
5. Bids must be submitted to the office of the sunawarshi municipality by hard copy on before 12:00 noon on 2083/06/06 (22nd of sept. 2026).. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on 2083/06/06 (22nd of sept. 2026), 14:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. In case of medicine Purchased medicine must be certified by WHO GMP Company.
8. In case of medicine In every packet of purchased medicine Manufacture date, Expire date, Batch number, Free Supply for Ministry of Health and Population Nepal of Supply for Local Institution must be clearly mentioned.
9. In case of medicine Sealed quotation without specification would not be approved. Sealed quotation with specification must be submitted by hard copy sunawarshi municipality health section..
10. In case of medicine Expiry date of each medicine must be at least 18 month from the date of registration by sunawarshi municipality, in case of date less than 18 month 75% of required month may be included.
11. In case of medicine Each rate must be rate with transportation and without vat.
12. In case of medicine the authority letter of purchase medicine must be submitted by receiving from suppliers in case of National company and form National Suppliers in case of International Suppliers.
13. In case of medicine in each medicine item suppliers' company name must be clearly mentioned. The medicine without mentioning company name would likely not to be approved.
14. In case of medicine Except Syringe, powder, liquid medicine all other medicine (tablet, capsule) must installed in Strip pack and Bottle item in plastic bottle.
15. In case of medicine Each bidder must purchase the sealed quotation individually and could not hand over the document to other.
16. In case of medicine If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
17. In case of medicine The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
18. In case of medicine Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**


# आफ्नो गाउँ सफा गर्न आफैं जुटे युवा

**कैलाली–** कैलालीको घोडाघोडी नगरपालिका-८ का युवाले आफ्नो गाउँ आफैं सफा र व्यवस्थित बनाउन सरसफाइ अभियान सुरु गरेका छन् । सरसफाइ, सडक व्यवस्थापनलगायत कामका लागि सरकारकै भर पर्नुपर्ने सोच भइरहेका बेला यहाँका युवा भने सार्वजनिक सडक तथा आसपासको क्षेत्र सफा गर्न आफैं जुटेका हुन् । केही दिनअघिदेखि वडाका विभिन्न क्षेत्र सरसफाइ गर्न सुरु गरिएको छ ।

एकता युवा क्लबको अगुवाइमा स्थानीय युवा, भलमन्सा, बुद्धिजीवी तथा अन्य स्थानीयवासीको सहभागितामा सडक छेउछाउको सरसफाइ सुरु गरिएको हो । सडक छेउछाउमा झाडी बढ्नुका साथै फोहोर जम्मा हुने र सडकमा फैलिएका रूखका हाँगाका कारण आवतजावतमा समस्या हुनुका साथै बिजुलीका तारमासमेत असर पर्न थालेपछि अभियान सञ्चालन गरिएको क्लबका अध्यक्ष अर्जुन पोखेलले जानकारी दिए । अभियानका क्रममा सडक छेउमा रहेका अनावश्यक रूखका हाँगा काट्नुका साथै झाडी र फोहर सफा गरिएको छ ।

क्लबका अध्यक्ष पोखरेलले आफ्नो गाउँलाई सफा, सुन्दर र व्यवस्थित बनाउन युवाको नेतृत्वमा अभियान सुरु गरिएको बताए । गाउँभरिका युवालाई सहभागी गराएर सार्वजनिक स्थानको सरसफाइसँगै स्थानीयवासीमा समेत आफ्नो ठाउँ आफैं सफा राख्नुपर्छ भन्ने भावना विकास गराउने उद्देश्य रहेको उनले बताए ।

'सार्वजनिक ठाउँ सफा राख्ने जिम्मेवारी सरकारको मात्र होइन, हामी नागरिकको पनि हो,' उनले भने, 'आफ्नो गाउँ आफैं सफा र व्यवस्थित बनाउन सकिन्छ भन्ने सन्देश दिन युवाको अगुवाइमा अभियान सुरु गरेका हौं ।'

सरसफाइमा सहभागी स्थानीय भीमबहादुर बुढाले सडकमा गाईगोरु छाडा छाडिने, सडक छेउछाउमा झाडी तथा रुख बढ्दा यातायात व्यवसायी तथा अटोचालकलाई समेत समस्या हुने गरेको बताए । सबै मिलेर यस्ता समस्या समाधान गर्न आवश्यक रहेकाले आफू पनि सरसफाइ अभियानमा जुटेको उनले बताए ।

बुढाका अनुसार अभियानअन्तर्गत शनिबार वडा नं ८ को दिपनगरमा सडक क्षेत्रको सरसफाइ गरिएको छ । आगामी दिनमा शिवपुरतर्फको सडक क्षेत्रलाई समेत अभियानमार्फत सफा गर्ने योजना रहेको उनले जानकारी दिए । उनले सडक तथा सार्वजनिक स्थानमा फोहर नफाल्न र सडक छेउछाउ व्यवस्थित राख्न स्थानीयवासीलाई आग्रह गरे । सडक सरसफाइ अभियानमा वडा नं ८ का स्थानीय युवा, महिला, ज्येष्ठ नागरिक तथा अन्य स्थानीयवासीको समेत सहभागिता रहेको छ । *रासस*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०२२०० | प्रति तोला – ० | प्रति तोला – ४६६० |



**ड्रोनमार्फत खाद्यान्न ढुवानी**

**भोटेकोशीको बाढीले त्रिशूली र भोटेकोशी नदीका पुल बगाएपछि रसुवा सदरमुकाम धुन्चेबाट ड्रोनमार्फत प्रभावित गाउँहरूमा खाद्यान्न ढुवानी गरिँदै । जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार धुन्चेबाट ठूलोहाकु, हाकुबेँसी, नेसिङ र ग्रेगाउँमा ड्रोनमार्फत खाद्यान्न ढुवानी भइरहेको छ ।** *तस्बिरः रासस*

## कृष्णभीरमा नयाँ ट्र्याक परीक्षण सफल

**नारायणगढ (चितवन)–** पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीरमा पहिरो खसेर सडक पूर्णरूपमा अवरुद्ध भएपछि निर्माण गरिएको नयाँ सडक ट्र्याकको आइतबार सफल परीक्षण गरिएको छ ।

नागढुंगा-मुग्लिन सडक योजना (पश्चिम खण्ड) का सूचना अधिकारी इञ्जिनियर सचेन्द्र मिश्रका अनुसार नयाँ ट्र्याकको ग्रेडिङ सम्पन्न भएपछि पहिलो चरणमा खाली ग्यास बुलेट सञ्चालन गरेर परीक्षण गरिएको थियो । परीक्षण सफल भएपछि क्रमशः अन्य सवारीसाधन सञ्चालन गराइएको उनले जानकारी दिए । उनले निरन्तर काम गरेर आज नयाँ ट्र्याकबाट सवारीसाधन सञ्चालन गराउन सफल भएको बताए ।

कार्यस्थलमा खटिएका सहायक आवासीय इञ्जिनियर अशोक देवकोटाले सुरुमा खाली ग्यास बुलेट दुवैतर्फ पठाएर परीक्षण गरिएको र सफल भएपछि पालैपालो अन्य सवारीसाधन पास गराइएको जानकारी दिए । उनले भने, 'सुरुमा खाली ग्यास बुलेट पठायौं । त्यो परीक्षण सफल भएपछि क्रमशः पालैपालो दुवैतर्फ सवारीसाधन पास गराएका हौं ।'



**पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीरमा भासिएको सडकभन्दा माथि निर्माण गरिएको नयाँ ट्र्याकबाट आइतबार परीक्षणका रूपमा सवारीसाधन गन्तव्यतर्फ लगिँदै ।** *तस्बिरः रासस*

उनले नयाँ ट्र्याकबाट करिब ५० वटा सवारीसाधन सञ्चालन गराइसकिएको जानकारी दिए । उनका अनुसार आइतबार परीक्षणका लागिमात्रै नयाँ ट्र्याकबाट सवारीसाधन सञ्चालन गरिएको हो । निरन्तर भित्ता काटेर निर्माण गरिएको नयाँ ट्र्याकको ग्रेडिङ सम्पन्न भएपछि परीक्षण गरिएको उनले बताए । इञ्जिनियर देवकोटाका अनुसार आज (सोमबार)देखि उक्त स्थानमा ग्राभेल बिछ्याउने काम सुरु गरिने छ । त्यससँगै नाली निर्माण, पानी सोस्ने तथा तर्काउने व्यवस्था मिलाउने र सडकमाथि देखिएका चिरा पुर्ने काम पनि अघि बढाइने छ । *रासस*

## आर्थिक गतिविधि चलायमान बनाउन बागमतीका मुख्यमन्त्री र महासंघ नेतृत्वबीच छलफल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगर र नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठबीच आइतबार भेटवार्ता भएको छ । टेकुस्थित महासंघको सचिवालयमा भएको भेटवार्तामा रसुवालगायत विभिन्न जिल्लामा बाढीपहिरोबाट भएको क्षति, प्रभावित उद्योग-व्यवसायको पुनःस्थापना, लगानीको वातावरण, रोजगारी सिर्जना तथा प्रदेशको आर्थिक गतिविधि चलायमान बनाउने विषयमा छलफल भएको महासंघले जानकारी दिएको छ ।

छलफलमा दुवै पक्षले प्रदेशको आर्थिक विकास, निजी क्षेत्रको लगानी विस्तार तथा उद्यमशीलता प्रवर्द्धनका लागि आपसी समन्वयलाई थप सुदृढ गर्दै सहकार्यका ठोस क्षेत्र पहिचान गरी आगामी दिनमा परिणाममुखी रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सो अवसरमा महासंघका अध्यक्ष श्रेष्ठले विपद्पछि तत्कालै महासंघ राहत, उद्धार तथा पुनःस्थापनाका कार्यमा सक्रिय रहेको उल्लेख गर्दै प्रभावित उद्योग-व्यवसायलाई पुनः सञ्चालन गर्ने वातावरण निर्माणमा प्रदेश सरकारसँग सहकार्य गर्न महासंघ तयार रहेको बताए । उनले प्रदेश सरकारसँगको सहकार्यलाई थप प्रभावकारी बनाउँदै बागमती प्रदेशमा लगानी र उद्यमशीलता विस्तार गर्न महासंघ सकारात्मक रहेको बताए ।



'महासंघले स्थानीयस्तरमा नयाँ बजार स्थापना, अस्पताल स्थापना तथा विद्यालय पुनर्निर्माणमा काम गर्न खोजिरहेको छ । यस्तै विपद् रोजगार बैंक स्थापना गर्दै आवश्यकताको आधारमा तालिम प्रदान गर्दै व्यवसायमा लाग्न चाहनेलाई सहयोग गर्न महासंघ तयार छ,' उनले भने ।

मुख्यमन्त्री थापाले विपद्बाट प्रभावित क्षेत्रको पुनर्स्थापना तथा पुनर्निर्माणमा निजी क्षेत्रको सहयोग सराहनीय रहेको चर्चा गर्दै विपद्मा परेका बालबालिकाको शिक्षा, रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्र पुनर्जीवनका लागि महासंघसँग सहकार्य आवश्यक रहेको बताए ।

उनले बागमती प्रदेशका सडक तथा अन्य पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमा काम गर्न सकिने प्रस्तावसमेत राखे । 'बागमती प्रदेश प्रदेशको आर्थिक विकासमा निजी क्षेत्रलाई महत्त्वपूर्ण साझेदारका रूपमा लिएर अघि बढ्न चाहन्छ । पूर्वाधार विकासमा पिपिपी मोडलमा जानु पर्दछ । निजी क्षेत्रका नीतिगत र व्यावहारिक समस्या समाधान तथा सहजीकरणका लागि प्रदेश सरकार प्रतिबद्ध छ,' मुख्यमन्त्री थापा मगरले भने ।

प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री सरल सहयात्री पौडेलले विपद्बाट घरबारविहीन भएका तर काम गर्न इच्छुक नागरिकलाई रोजगारीसँग जोड्न 'विपद् श्रम बैंक' स्थापना गरी महासंघसँगको सहकार्यमा कार्यक्रम अघि बढाउन सकिने बताए । साथै, उनले पालिका र जिल्लामा हुने उत्पादनलाई बजारसंग जोडन् महासंघको सहयोग आवश्यक रहने बताए ।

## बाढीप्रभावितका लागि निशान पोलीक्लिनिकको चार लाख सहयोग

**काठमाडौं (प्रस)–** महाराजगञ्जस्थित निशान पोलीक्लिनिक प्रालिले बाढीप्रभावितहरूको सहयोगार्थ प्रधानमन्त्री दैवी उद्धार कोषमा चार लाख रूपैयाँ उपलब्ध गराएको छ ।

उक्त क्लिनिकमा कार्यरत चिकित्सक, कर्मचारी तथा व्यवस्थापनपक्षको तर्फबाट संकलित सहयोग रकम कोषमा जम्मा हुनेगरी अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरिएको हो ।

क्लिनिकमा कार्यरत वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मनबहादुर केसी, वरिष्ठ चर्मरोग विशेषज्ञ डाक्टर अनिलकुमार दासलगायतको विशेष व्यक्तिगत सहयोगमा कोषमा उक्त रकम जम्मा गरिएको जानकारी दिइएको छ ।

पोलीक्लिनिकले तीज पर्वका अवसरमा क्लिनिकमा कार्यरत कर्मचारीहरूका लागि उपहारसहितको तीज विशेष कार्यक्रम आयोजना गर्ने तयारी गरेको थियो । तर भदौ १० गते रसुवाको भोटेकोशी हुँदै आएको विनाशकारी बाढीले ठूलो मानवीय एवं भौतिक क्षति गरेपश्चात् उक्त कार्यक्रम रद्द गरी बाढीप्रभावितहरूलाई आर्थिक सहयोग उपलब्ध गराइएको जानकारी दिइएको छ ।

## मुस्ताङ भन्सारमा १५ दिनमै एक अर्ब ७८ करोड राजस्व

**मुस्ताङ–** नेपाल-चीन उत्तरी कोरलानाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयबाट १५ दिनमै एक अर्ब ७८ करोड ४४ लाख रूपैयाँ राजस्व संकलन भएको छ ।

रसुवाको भोटेकोशीमा गएको बाढीका कारण (रसुवागढी-केरुङ) नाका पूर्णरूपमा बन्द भएसँगै मुस्ताङ भन्सार कार्यालयमा चीनबाट मालवस्तुको पैठारी ह्वात्तै बढेको छ । भन्सार प्रमुख बिदुर चुडालका अनुसार रसुवागढी-केरुङनाका र तातोपानीनाका पूर्णरूपमा बन्द भएपछि मुस्ताङको कोरलानाकाबाट चिनियाँ मालवस्तु पैठारीको क्रम बढ्दो रहेको छ । शुक्रबारमात्रै मुस्ताङ भन्सार कार्यालयले एकैदिन २७ करोड ११ लाख रूपैयाँ राजस्व संकलन गरेको छ । भदौ २२ पछि मुस्ताङ भन्सारबाट दैनिक औसत ३० करोड रूपैयाँ हाराहारीमा राजस्व संकलन हुने गरेको प्रमुख चुडालको भनाइ छ ।



प्रमुख चुडालका अनुसार शुक्रबारमात्रै ७१ कन्टेनर र १०६ विद्युतीय सवारीसाधन (इभी) को भन्सार जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गरेका छन् । रसुवागढीनाका बन्द भएको भदौ १० गतेपछि भदौ २५ गते शुक्रबारसम्म कोरलानाकाबाट नेपाल भित्रिएका ४३४ वटा कन्टेनर र ६४१ वटा विद्युतीय सवारीसाधनको भन्सार कार्यालयमा जाँचपास गराइएको उनले बताए ।

चालु आव २०८३/८४ को साउनदेखि भदौ २५ गतेसम्म कोरलानाका हुँदै नेपाल भित्रिएका कन्टेनर र विद्युतीय सवारीसाधनको भन्सार जाँचपास गरिँदा दुई अर्ब ३१ करोड ४४ लाख रूपैयाँ राजस्व संकलन भएको भन्सार प्रमुख चुडालले बताए । भदौ ९ गतेसम्म १३३ कन्टेनर र १६३ वटा विद्युतीय सवारी नेपाल भित्रिएका थिए ।

वि.सं. २०८२ भदौअघि उपल्लो मुस्ताङका नागरिकका लागिमात्रै बाह्रै महिना खुला गरिएको कोरलानाका गत वर्ष तातोपानी र रसुवागढीनाका बाढीपहिरो तथा नदी कटानले सडक अवरुद्ध भएपछि नेपाल सरकारले गत वर्षको भदौ ३१ गतेदेखि कोरलानाकालाई वैकल्पिकरूपमा निकासी तथा पैठारी नाकाका रूपमा खुला गरेको थियो । भन्सार प्रमुख चुडालका अनुसार गत आव २०८२/८३ मा उत्तरी कोरलानाकाबाट भएको निकासी तथा पैठारीबाट मुस्ताङ भन्सारले छ अर्ब ९२ करोड रूपैयाँको राजस्व संकलन गरेको थियो ।

त्यस वर्ष पैठारीतर्फ १४ अर्ब ४१ करोड रूपैयाँ र निकासीतर्फ २० करोड ५० लाख रूपैयाँबराबरको मालवस्तुको कारोबार भएको थियो । गत वर्ष कोरलानाका हुँदै तीन हजार २२३ वटा विद्युतीय सवारी र एक हजार ८७३ वटा कन्टेनरको जाँचपास गरिएको थियो । *रासस*

## युवाशक्ति पलायनले श्रमशक्ति अभावको चुनौती बढ्दो

### जनसांख्यिक लाभ उपयोग गर्न विज्ञको सुझाव

**काठमाडौं–** जनसंख्या क्षेत्रका विज्ञहरूले बढ्दो आन्तरिक तथा बाह्य बसाइँसराइका कारण युवाशक्ति पलायन हुँदा देशमा श्रमशक्तिको अभाव बढ्नुका साथै उत्पादनशील क्षेत्रमा अपेक्षित आर्थिक लाभ लिन चुनौती थपिएको बताएका छन् ।

नेपालको बदलिँदो जनसांख्यिक संरचनालाई उचित नीतिगत सम्बोधन गर्दै उपलब्ध जनसांख्यिक लाभको अधिकतम उपयोग गर्न सके देशको समृद्धि र समाजवाद निर्माणको आधार बलियो हुने उनीहरूको भनाइ छ । घट्दो जन्मदर, बढ्दो ज्येष्ठ नागरिकको संख्या, युवा जनसंख्याको बाहुल्य तथा आश्रित जनसंख्यामा आएको परिवर्तनलाई चुनौतीका रूपमामात्र नभई अवसरका रूपमा उपयोग गर्नुपर्नेमा विज्ञहरूले जोड दिएका छन् ।

नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठान (इन्स्पायर) को बहस शृंखलाअन्तर्गत आइतबार आयोजित कार्यक्रममा 'बसाइँसराइले नेपाली समाजमा ल्याएको संरचनागत परिवर्तन र यसले नेपालमा समाजवाद निर्माणमा पार्ने प्रभाव विश्लेषण' तथा 'नेपाली समाजवादी दृष्टिकोणमा बदलिँदो जनसांख्यिक संरचना' विषयक कार्यपत्र प्रस्तुत गर्दै विज्ञहरूले यस्तो धारणा व्यक्त गरेका हुन् ।

त्रिभुवन विश्वविद्यालय जनसंख्या अध्ययन केन्द्रीय विभागका सहप्राध्यापक पद्मप्रसाद खतिवडाले बसाइँसराइको बृहत्तर र बहुआयामिक सम्बन्धलाई बुझेरमात्र समाजवादको आगामी दृष्टिकोण निर्माण गर्न सहज हुने बताए । उनले समाजवादले रोजगारी, समानता, सामाजिक स्वामित्व तथा उत्पादनका साधनमा पहुँच सुनिश्चित गर्नुपर्ने उल्लेख गर्दै नेपालमा कृषि, उद्योग, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा राज्यको भूमिका अझ प्रभावकारी हुनुपर्ने बताए ।

'असमानता, भ्रष्टाचार, सिण्डिकेट, सार्वजनिक सेवाको व्यापारीकरण तथा वातावरणीय र राजनीतिक विषयलाई नीतिगतरूपमा सम्बोधन नगरेसम्म समाजवादको आधार निर्माण हुन सक्दैन,' कार्यपत्रमा उल्लेख छ । खतिवडाले स्वेच्छिक तथा बाध्यकारी बसाइँसराइका कारण नेपालको जनसांख्यिक सन्तुलनमा असर परेको बताए । रोजगारी, सुरक्षित आवास, प्राकृतिक प्रकोप तथा द्वन्द्वलगायत कारणले नेपालमा बसाइँसराइका प्रवृत्ति विकसित भएको उनको भनाइ छ । उनका अनुसार तत्कालीन माओवादीले सशस्त्र द्वन्द्व सुरु गर्दा वि.सं. २०५२ मा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको संख्या तीन हजार २५९ रहेकामा द्वन्द्वको एक दशकमा यो संख्या बढेर एक लाख ६५ हजार १०३ पुगेको थियो ।

उनले वि.सं. १८१६ को सुगौली सन्धिपछि औपचारिकरूपमा नेपालको वैदेशिक बसाइँसराइ सुरु भएको उल्लेख गर्दै वैदेशिक रोजगारीमा भारतको हिस्सा क्रमशः घट्दै गएको बताए । उनका अनुसार २०३८ सम्म वैदेशिक रोजगारीमा भारतको हिस्सा ९५ प्रतिशत रहेकामा २०७८ सम्म आइपुग्दा ३७.५ प्रतिशतमा झरेको छ । खाडी मुलुक तथा मलेसियातर्फ नेपाली श्रमिक आकर्षित हुनु यसको प्रमुख कारण रहेको उनले बताए ।

देशभित्र कूल जनसंख्याको करिब ३७ प्रतिशत मानिस आफू जन्मेको स्थानमा नरहेको तथ्य प्रस्तुत गर्दै उनले महिलाको बसाइँसराइ विवाहका कारण बढी देखिए पनि पुरुषहरू रोजगारी, अध्ययन तथा सहज जीवनयापनका लागि पहाडबाट तराई तथा सहरतर्फ जाने क्रम बढेको बताए ।

'पहाड र हिमालबाट युवा जनशक्ति अन्यत्र पलायन हुँदा त्यहाँको उत्पादन सम्बन्धमा समेत उथलपुथल भएको छ, जसले समाजवादको लक्ष्य प्राप्तिमा अवरोध सिर्जना गरेको छ,' उनले भने । खतिवडाका अनुसार बसाइँसराइले समाज, अर्थतन्त्र र विकास तथा स्थानीय समुदाय एवं आप्रवासी व्यक्ति र तिनका परिवार गरी मुख्यतः तीन तहमा प्रभाव पारिरहेको छ ।

त्रिभुवन विश्वविद्यालय जनसंख्या अध्ययन केन्द्रीय विभागका प्रमुख योगेन्द्रबहादुर गुरुङले 'नेपाली समाजवादी दृष्टिकोणमा बदलिँदो जनसांख्यिक संरचना' विषयक कार्यपत्र प्रस्तुत गरे । उनले नेपालको बदलिँदो जनसांख्यिक संरचनालाई राज्यले नीतिगतरूपमा सम्बोधन गर्दै त्यसलाई समृद्धि र समाजवाद निर्माणको आधार बनाउनुपर्ने बताए । जनसंख्यालाई केवल संख्याका रूपमा नभई स्रोत, साधन र साध्यका रूपमा हेर्नुपर्ने उनको भनाइ छ ।

कार्यपत्रमा जनसंख्याको आकारभन्दा समाज, भौगोलिक अवस्था र उत्पादन सम्बन्धले जनसंख्याको उपयोगिता निर्धारण गर्ने उल्लेख गरिएको छ । सन् १९९४ सम्म विश्वमा जनसंख्यालाई मुख्यतः संख्याका रूपमा हेर्ने गरिएकोमा कायरो सम्मेलनपछि मानिसका रूपमा हेर्न थालिएको कार्यपत्रमा उल्लेख छ । *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ